
# लेखापरीक्षण प्रतिवेदन

# चन्द्रकोट गाउँपालिका, गुल्मी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## चन्द्रकोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/596

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले चन्द्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड ८६ लाख ७४ हजार ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु, ३४ लाख ९० हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २ करोड ७१ लाख ८९ हजार,

स्थानीय तह प्रशासकीय भवनको रु. २५ लाख र गरिबसंग विशेश्वर कार्यक्रमको रु.६ लाख २८ हजार समेत गरी रु, १५ करोड २४ लाख ८१ हजार सुत्रमा समावेश गरेको छैन ।

२.चन्द्रकोट गाउँपालिकाको रु.१ अर्व १६ करोड ९८ लाख ४५ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ६४ लाख ६८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ३६ लाख ९१ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु २ करोड २७ लाख ७७ हजार मध्ये असुल गर्नुपर्ने रू. ५१ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ९५ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ५५ लाख २२ हजार रहेको छ। गत वर्षसम्मको बाँकी बेरुजु रु.६ करोड ३६ लाख ८७ हजारमध्ये यस वर्ष सम्परीक्षणबाट रु.२ करोड ८३ लाख ६८ हजार फछ्र्यौट भई रु. ३ करोड ५३ लाख १९ हजार बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ८० लाख ९६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चन्द्रकोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी चन्द्रकोट गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८७ | १०१ | २,६४,६७,९०४ | ० | १० | ३६,९०,४६९ | ० | ८७ | ९१ | २,२७,७७,४३५ | ५१,५९,६८५ | १,५५,२२,५६२ | २०,९५,१८८ | ० | ० | १,७६,१७,७५० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ६,३६,८७,००० | - | २,८३,६८,३६६ | ३,५३,१८,६३४ | 0 | २,२७,७७,४३५ | ५८०९६०६९ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५७ | मौरीपालन नयाँ पकेट कार्यक्रम | १२,००,००० |
| २ | २०८०/८१ | ८७ | मूल्य अभिवृद्धि कर | ७,७९९ |
| ३ | २०८०/८१ | ८४.२ | मजुवा पिपलपाटा किसिकोट भन्ज्याङ सडक स्तरोन्नती | १०,९२० |
| ४ | २०८०/८१ | ८८ | फरक सिमेन्टको प्रयोग | ४,००० |
| ५ | २०८०/८१ | ६६ | पाईप जडान | ५८,९८६ |
| ६ | २०८०/८१ | ९१ | किसिकोट बसाढ खानेपानी योजना | ५,७९,७७७ |
| ७ | २०८०/८१ | ६७ | किटेनी खानेपानी योजना वडा नं.५ | ५,७८,९८७ |
| ८ | २०८०/८१ | ४३.१ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६,५०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ५६ | आलुबाली पकेट विकास निरन्तर कार्यक्रम | ६,००,००० |
| १० | २०७९/८० | ६२.२ | स्मार्ट कृषि कार्यक्रम | ४४,७९५ |
| ११ | २०७९/८० | ५६ | स्थानिय भत्ता भुक्तानी | ७१,६४० |
| १२ | २०७९/८० | ५१.१ र ५१.२ | शिक्षकको तलब भत्ता निकासा | ३३,६२० |
| १३ | २०७९/८० | ४५ | बैठक भत्ता खर्च | ३,४५,००० |
| १४ | २०७९/८० | ५९ | प्रमाण पेश नभएको | ५०,५६७ |
| १५ | २०७९/८० | २५ | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई | १०,३५० |
| १६ | २०७९/८० | ४८ | पालिका वजेटबाट शिक्षकको तलब भत्ता | १,८१,२४,३१४ |
| १७ | २०७९/८० | ७० | पारिश्रमिक आयकर | २५,९६७ |
| १८ | २०७९/८० | २४.३ | दिवा खाजा | १,६४,३९१ |
| १९ | २०७९/८० | ५४ | क्याम्पस अनुदान | ८,५०,००० |
| २० | २०७९/८० | ३८.२ र ३८.३ | आलु पकेट विकास कार्यक्रम | ११,९१,२७२ |
| २१ | २०७९/८० | ५८ | अनुगमन भत्ता | ७,०४,००० |
| २२ | २०७८/७९ | २५.२ | शिक्षकको तलब भत्ता निकासा | ८९,७६० |
| २३ | २०७७/७८ | ५९.३ | पारिश्रमिक आय कर | २०,४०० |
| २४ | २०७९/८० | ६.२ | संगठन तथा कर्मचारी ब्यवस्थापन | ६६,४२,२९० |
| जम्मा | | | | ३,२०,५८,८३५ |

# (८०५५२५०४३०० - चन्द्रकोट गाउँपालिका, गुल्मी )

## परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा, १०५.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १८६६२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२० देखि २०८१।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा पालिका प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१ अर्व १६ करोड ९८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४७५६७७।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | उदय मा.वि. बढी भुक्तानी | २९१२० |
| २ | किसिकोट आ.वि. बढी भुक्तानी | २०३९७२ |
| ३ | चन्द्रोदय आ.वि. | २४२५८५ |
| | | ४७५६७७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | | जम्मा | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ८४२५९६८२.५५ | ७५३०७८१०.११ |
| १३००० | अनुदान | ३३६०२९६७८.६४ | ३५५७१६१९१.१८ |
| १४००० | अन्य राजस्व | ६५५३७६३.७२ | १०२१८७७५.०८ |
| क | कुल जम्मा प्राप्ति | ४२६८४३१२४.९१ | ४४१२४२७७६.३७ |
| ३ | चालु | ३२८५०५८३७.९१ | ३१८५०९२२४.५४ |
| २१००० | पारिश्रमिक / सुविधा | २२३०७२४९४.५४ | १७९२०७०९८.९१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६३८६३४६८.३८ | ९७५५२१२४.६३ |
| २६००० | अनुदान | ३४०२१७१२.९९ | ३५५७२७०१ |
| २७००० | सामाजिक सुरक्षा | ५४११७७२ | ३८४४२०० |
| २८००० | अन्य खर्च | २१३६३९० | २३३३१०० |
| ४ | पूंजीगत | १००४७६८७०.२२ | १४६०५६८४७.७२ |
| ३१११० | भवन तथा संरचना | २५९५०४९१ | ५४९४९४४१ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ४९२२१०८ | १२०७२७७१ |
| ३११३० | अन्य पूँजीगत खर्च | ८२०५३२ | ३९५११४२४ |
| ३११४० | सुरक्षा उपकरण | ० | १००००० |
| ३११५० | सार्वजनिक निर्माण | ६७३६००५३.२२ | ७४०२८७६०.७२ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १४२३६८६ | ९५४४५१ |
| ख) | कुल जम्मा भुक्तानी | ४२८९८२७०८.१३ | ४६४५६६०७२.२६ |
| ग) | बचत /कमी (ग = क-ख ) | -२१३९५८३.२२ | -२३३२३२९५.८९ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३८५१५२२.१४ | २६३९०५१.८५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १७११९३८.९२ | -२०६८४२४४.०४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २०१४१९७४.२६ | ४०८२६२१८.३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २१८५३९१३.१८ | २०१४१९७४.२६ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट

स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८६७४४७७।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु, ३४९००००।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २७१८९०९१।– स्थानीय तह प्रशासकीय भवनको रु , २५०००००।- र गरिबसंग विश्वेशर कार्यक्रमको रु.६२८०००।– समेत गरी रु, १५२४८१५६८।– सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | खर्च रु. |
|---|---|
| सामाजिक सुरक्षा | ११८६७४४७७ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४९०००० |
| गरिव संग विशेश्वर कार्यक्रम | ६२८००० |
| एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | २७१८९०९१ |
| स्थानीय तह प्रशासकीय भवन | २५००००० |
| जम्मा | १५२४८१५६८ |

२.३ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात सुत्रको नगद र बैंक मौज्दातको विवरण बमोजिम देहाय अनुसार रहेको पेश गरेको छ ।

| बैंक तथा नगद बाँकी | | |
|---|---|---|
| यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः | | |
| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| ग ३.१ स्थानीय तह धरौटी खाता | १२१९६७०७.९८ | १२१९६७०७.९८ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ८६५०३५६.०६ | ८६५०३५६.०६ |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | २००००० | २००००० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८०६८४९.१४ | ८०६८४९.१४ |
| | २१८५३९१३.१८ | २१८५३९१३.१८ |

## ३ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा संघ तर्फको रु. ३०५६१५५८। र प्रदेश तर्फको रु. ३०७८५०६ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१-०३-३१ मा फिर्ता गरेको विवरण पेश गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता मिति र भौचर नं |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २४२५१६००० | २१२६६२९१३.६४ | २९८५३०८६.३६ | ३/३१/२०८१ |
| | विशेष | १२०००००० | ११७५७६५९ | २४२३४१ | ३/३१/२०८१ |
| | समपुरक | ३७००००० | ३२३३८६९ | ४६६१३१ | ३/३१/२०८१ |
| प्रदेश सरकार | शसर्त | १०३५०००० | ९६९१००५ | ६५८९९५ | ३/३१/२०८१ |
| | समपुरक | ९०००००० | ६५८०४८२ | २४१९५११ | ४/२/2081 |

४ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण राजस्वको वैँक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस पालिकाले सो गरेको पाइएन । यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाईयन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ को ख २ वमोजिम तलवि प्रतिवेदन पारीत गराई तलब भत्ता भुक्तानी गर्नु पर्नेमा तलबि प्रतिवेदन पारीत नगराई तलव भत्ता भुक्तानी दिई खर्च लेखेको छ ।जसले गर्दा ग्रेड समेत एकिन हुन सकेन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २२ लाख २७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ सूचना प्रविधी पद्धति

सूचना प्रविधि नियन्त्रण वातावरणमा पालिकाको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- पालिका स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा पालिकाको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

## ७ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| सफ्टवेयरको नाम | आ. व . | परिमाण | दर | खरिद रकम | प्रयोगमा भए नभएको | शाखा | अन्य चार्ज |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | Renewal। AMC |
| वेव वेस रेभिन्यु सफ्टवेर सिस्टम | २०७८।७९ | १ | ४५७१९९ | ४५७१९९ | भएको | राजस्व शाखा | ६०६९० |
| कल्वाउद वेश सफ्टवेयर | २०७९।८० | १ | २६५४८७ | २६५४८७ | भएको | जिन्सी शाखा | ० |

## ८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक

प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ९ बेरुजु लगत

पालिकाले बेरुजु लगतका लागि मलेप फाराको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ –सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

## १० वजेट को नीति तथा कार्यक्रम

चन्द्रकोट गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा मार्गदर्शन २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्गदर्शनमा नै उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन:

- कृषकको उत्पादन गाउँपालिकाको व्यवस्थापन अन्तर्गत कृषकलाई बजारसँग जोड्न कृषि एम्बुलेन्स संचालन गरी कृषकको उत्पादनलाई पालिकाको सहजिकरणमा बजारसँग जोड्ने नीति लिईनेछ।
- सहकारी संस्थाको नियमन तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन सम्पुर्ण सहकारी संस्थाहरुलाई कोपोमिस(COPOMIS) प्रणालीमा आबद्ध गरिनेछ।
- साझा औषधि बिभाग तथा सरोकारवालासँग समन्वय गरी क्रमागत रुपमा स्वास्थ्य चौकीहरुमा साझा औषधि पसल खोल्ने नीति ल्याइनेछ।
- गाउँपालिकाभित्रका नागरिकले स्वच्छ खानेपानी प्राप्त गर्ने नैसर्गिक अधिकारलाई स्थापित गर्नका लागि "स्वच्छ खानेपानी स्वस्थ्य जीवन" भन्ने नाराका साथ खानेपानी मुहानहरुको स्वच्छता तथा आर्सनिक सम्बन्धी टेष्ट गर्ने कार्यलाई अगाडि बढाईनेछ।
- समुदायका लागि एकिकृत बस्ती विकास अभियान अन्तर्गत पालिकाका बोटे, माझी, कुमाल समुदायको एकीकृत वस्ती विकास कार्यक्रम अगाडि बढाउने नीति ल्याइनेछ।
- गाउँपालिका, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक निकायहरुका चल अचल सम्पत्तिहरुको एकिकृत अभिलेख तयार गरिनेछ भने सामुदायिक वनसँगको सहकार्यमा सामुदायिक वनहरसँग भएका जग्गाहरुको समेत लगत राखिनेछ।
- सेवा प्रवाहलाई थप नागरिक मैत्री बनाउन गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण तथा शाखा जिम्मेवारी खुल्ने कर्मचारी डिजिटल बोर्ड राखिनेछ।

## ११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण

तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु. ५ लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १३८ | १४१ | ४८ | २५ | १८ | ३७० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख भन्दा बढी गरी जम्मा ३७० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १३८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २९८७७२५० | २५६२८६९० | ५.९८ |
| २ | पूर्वाधार विकास | ८१००८५०० | ५६३२६३४२ | १३.१३ |
| ३ | सामाजिक विकास | २७३६०६४९७ | २४६६६८४५६ | ५७.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९३५७२५० | ६८५२९५८ | १.६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ११७२४३५४८ | ९३५०६२६१ | २१.७९ |
| | | ५११०९३०४५ | ४२८९८२७०८ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५७.५० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.६० प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

## १४ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु हजार)

| बजेट उपशिर्षक | | कुल खर्च | | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | | खर्च प्रतिशत | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
| पूँजिगत खर्चतर्फ सुत्र | १२५३९९ | १००४७६ | ८०.१२ | ७०६९ | ७२५१ | २६८६२ | ५९२९३ | ३६३७३ |
| पूँजिगत खर्चतर्फ CGAS | २९७१८ | २९६८९ | ९९.९ | ० | ० | २३४६७.४९ | ६२५०.५१ | ६२५०.५१ |
| पूँजिगत खर्चतर्फ | १५५११७ | १३०१६५ | ८३.९१ | ७०६९ | ७२५१ | ५०३२९.४९ | ६५५४३.५१ | ४२६२३.५१ |
| | | | | ५.४३ | ५.५७ | ३८.६७ | ५०.३५ | ३२.७५ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१३ करोड १ लाख ६५ हजार भएकोमा प्रथम त्रैमासिकमा रु,७० लाख ६९ हजार अर्थात ५.४३ प्रतिशत , दोश्रो त्रैमासिकमा रु. ७२ लाख ५१ हजार अर्थात ५.५७ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ५ करोड ३ लाख २९ हजार अर्थात ३८.६७ प्रतिशत, चौथो त्रैमासिकमा रु.६ करोड ५५ लाख ४३ हजार अर्थात ५०.३५ प्रतिशत र असार महिनामा मात्रै रु.४ करोड २६ लाख २३ हजार अर्थात ३२.७५ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## १५ खर्च बिश्लेषण

पालिकाको सुत्र प्रणाली अनुसारको विवरण बमोजिम यसवर्ष कुल आन्तिरक आयबाट रु. ११०९०६४९.३४ तथा राजस्व बाँडफाँड र अनुदानबाट रु, ४१५७५२४७५।६ समेत रु. ४२६८४३१२४.९१ आम्दानी भएकोमा चालु तर्फ रु. ३२८५०५८३७.९१ र पूँजिगत तर्फ रु , १००४७६८७०.२२ समेत रु. ४२८९८२७०८.१३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ८४५६००० खर्च भएको छ जुन आन्तरिक आयको ६९.५४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.५७ प्रतिशत चालु र २३.४२ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १६ सेवाप्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | ६०९ | ६०९ |
| मृत्युदर्ता | १९२ | १९२ |
| बसाईसराई दर्ता | १६६ | १६६ |
| विवाह दर्ता | २७९ | २७९ |
| सम्बन्धविच्छेद दर्ता | २० | २० |
| | संख्या | किलोमिटर |
| पूर्वाधार विकास सडक निर्माण | | ६.३ कि.मी |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | २ | ३०मिटर |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१७ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ३ | ५ |

१८ **कानुन निर्माण र कार्यान्वयन तर्फ**

**(क) कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले २६ वटा ऐन, ७ वटा नियमावली, ७६ कार्यविधि, ३ निर्देशिका , २ मापडण्ड आचारसंहिता १ लगायत ११५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

**(ख) निर्देशिका तथा मापदण्ड** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

**(ग) न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष ५ थप समेत कुल १३ विवाद दर्ता भएकोमा १२ वटा फछ्र्यौट र १ वटा बाँकी रहेको छ।

१९ **राजस्व व्यवस्थापन**

राजस्व व्यवस्थापन यसमा निम्न व्यहोरा देखिएका छन् -

१९.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

| प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|
| ११३१३ - सम्पती कर | ० | १२७२५५. |
| ११३१४ - भुमिकर/मालपोत | १२०००००. | १८१९७१२.४८ |
| ११३१७ - वहाल कर | ९०००००. | ७०६०१४.९५ |
| ११३१८ - वहाल विटौरी कर | ० | ० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ६७०४५०. |
| ११६९१ - अन्य कर | ० | ४१०२३९७.९२ |
| १४२२४ - परीक्षा शुल्क | १०००००. | १०००००. |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ४८७६०४. |
| १४२४२ - नक्सापास दस्तुर | ५०००००. | ० |
| १४२४३ - सिफारिश दस्तुर | ८०००००. | ६७०२५१. |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | २४६४००. |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ६०००००. | ५२६७९८.४७ |
| १४२४९ - अन्य दस्तुर | २२०००००. | १२६७५१५.५२ |
| १४५२९ - अन्य राजस्व | ६०००००. | ३४९२५०. |
| १४६११ - व्यवसाय कर | १२०००००. | १७,०००.०० |
| | ८६०००००. | ११०९०६४९.३४ |

**आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १ करोड १० लाख ९० हजार ६५० अर्थात अनुमान भन्दा २८.९६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई थपआय आर्जन बृद्धि गर्नुपर्दछ ।

१९.२ **स्थानीय तहहरूको विभाज्य कोष** – प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको विभाज्य कोषको विवरण अनुसार दहत्तर बहत्तर वापत रु. २९५४८०४।०० असुल भएकोमा संघमा मूअकर रु. ३९५९९७।००, प्रदेशमा रु.९४७३८२।०० र स्थानीय कोषमा रु.१६२२२२५।०० बाँडफाँड गरेको छ । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको हिसाब अद्यावधिक राख्नुपर्दछ ।

१९.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले

महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९.४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट रु ४१५७५२४७५।६ प्राप्त भएकोमा आन्तरिक आयबाट रु ११०९०६४९।३४ खर्च गरेको छ । स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९.५ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १० लाख ८२ हजार कर संकलन गरेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ।

१९.६ **आय ठेक्का व्यवस्थापन** - नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको विभाज्य कोषको विवरण अनुसार दहत्तर बहत्तर वापत रु. २९५४८०४।०० असुल भएकोमा संघमा मूअकर रु. ३९५९९७।००, प्रदेशमा रु.९४७३८२।०० र स्थानीय कोषमा रु.१६२२२२५।०० बाँडफाँड गरेको छ । तर पालिकाले यो वर्ष ३ वटा आय ठेक्का व्यवस्थापन गरेकोमा रसिदहरुको अभिलेख नराखेको तथा प्रभावकारी अनुगमन गरेको छैन ।

## २० सम्पति व्यवस्थापन

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

**(क) सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ

**(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

**(ग) जिन्सी सम्पतिको सुरक्षा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू

गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु पालिकाको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सबै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

**(घ) जिन्सी अभिलेखीकरण:** स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

**(ङ) मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

### २१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

### २२ विपद व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

### २३ विपद व्यवस्थापन कोष (प्रकोप)

आपतकालीन विपदको रोकथाम र भैपरी आउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी पालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरेको छ। पालिकाको विपद व्यवस्थापन कोषमा आ.व. २०८०।८१ मा कुल रकम रु, १९ लाख २५ हजार ९४३ आम्दानी रहेकोमा रु, ११ लाख १९ हजार ९४ रकम खर्च भई जम्मा रु, ८ लाख ६ हजार ८५२ बाँकी रहेको पाइयो।यसरी विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा पालिकाको विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधिको परिधिभित्र रही खर्च गर्नु पर्दछ।यस सम्बन्धी विवरणहरु देहाय बमोजिम छन :

**(क)** पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरेको पाईएन । पालिकाले विपद् प्रभावित एकिन गरेर राहत तथा सामाग्री उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् यकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।

**(ख)** पालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२४ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ को उपनियम २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि राखिएको हो सो काम समाप्त भएको एक वर्ष भित्र धरौटी रकम प्रमाण सहित फिर्ता गर्नुपर्ने व्यवस्था छ । नियम ६८ (ख) मा उल्लेखित अवधि भित्र धरौटी फिर्ता लिन नआएमा सदरस्याहा गरी राजश्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले म्याद समाप्त भएका र टुङो लागेका धरौटी रकम नियमानुसार एकिन गरी सदरस्याहा गर्नुपर्दछ ।

२५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष रु. ६८०५००।- आर्थिक सहायता वितरण गरेको छ। पालिकाले आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

२६ **दिवस महोत्सव खर्च**

स्थानिय सरकार संचालन ऐन, २०७४ मा दिवस महोत्सव जात्रा पर्व जस्ता शिर्षकमा खर्च लेख्ने व्यवस्था देखिदैन पालिकाले यस वर्ष विभिन्न दिवस महोत्सवमा रु. २९५२१३ खर्च गरेको विवरण पेश भएको छ। यस प्रकारको कार्यक्रममा मितव्ययिता कायम गरी खर्चमा नियन्त्रण गर्नु पर्दछ।

२७ **बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड १ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२८ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी

प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने नगरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २९ संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न पदमा २२ जना स्थाई र अन्य प्राविधिक सहित १३ जना कारार सेवाबाट पदपूर्ति गरिएको छ।

## ३० तलवी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.१०१९७०००।- पालिकाका कर्मचारीको रु.१०७९३०००।- समेत रु.२०९९००००।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ३१ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा तथा डोर हाजर राखि रु. १०७९३०००।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।त्यसै गरी पालिकाले माथि उल्लेखित पद वाहेकका सहायक कर्मचारी ९जना, कम्प्युटर अपरेटर १ जना, अन्य ५ समेत जम्मा १५ जना स्वीकृत दरवन्दी नभएका कर्मचारी नियुक्ति गरी तलव, चाडपर्व र पोशाकमा रु. ४६८९२३०।- भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,८९,२३० |

## ३२ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।चन्द्रकोट गाउँपालिकाले कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी (पहिलो संशोधन)कार्यविधि २०७७ स्विकृत गरेको छ । स्वीकृत कार्यविधिको बुदा न २,३ र ४ मा महिनामा न्युनतम ५ घण्टा देखि २० घण्टा सम्म अतिरिक्त समय कार्य गरे वापत अंक प्राप्त हुने र प्रत्येक महिनाको ७ गते भित्र अघिल्लो महिनाको शाखागत रुपमा एकीकृत प्रतिवेदन पेश गरेमा २० अंक प्राप्त गर्ने जस्ता इन्डिकेटर

राखी श्रेणीविहिन कर्ममचारीले मासिक २० प्रतिशत देखि प्रमुख प्रशासकीय अधिकृतले ५० प्रतिशत अतिरिक्त भत्ता पाउने अनुसुचीमा उल्लेख गरेको छ ।कर्मचारीले नियमित गर्ने कामलाइ समेत अतिरिक्त समयमा काम गरेको उल्लेख गर्ने, अतिरिक्त समयमा काम गरेको विद्युतिय हाजिर नभएको र उक्त थपकामबाट प्राप्त नतिजा प्रमाणित नगराई अतिरिक्त समय मात्रै प्रमाणित गराएको तथा सम्पूर्ण समयावधिको विद्युतीय हाजिरी प्रणालीमा रेकर्ड नभएकोमा पालिकाले कार्यविधि बनाई अतिरिक्त समय प्रोत्साहन भत्ता वापत रु. ४६४६०००।- खर्च लेखेको छ । पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम कार्यविधि बनाई खर्च लेख्नुपर्दछ ।

३३ **अनुगमन बैठक भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा योजनाहरुको अनुगमन गरे वापत अनुगमन समितिका पदाधिकारीलाई भत्ता रु.३७३०००।- भुक्तानी गरेको छ । सेवा सुविधा ऐनको उक्त प्रावधान विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७३,००० |

३४ **बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले गो.भौ.न. ६५१।३।२० बाट रु. ८१०००।- र ६९४।३।२२ बाट रु.२६६८००।- बैठक भत्ता खर्च लेखेको छ । पालिकाले एउटै निकायको पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समय भन्दा अघी पछी वैठक वसेको निर्णय पेश गरी बैठक भत्ता भुक्तानी लिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

३५ **वडा समितिको बैठक**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । सेवा सुविधा सम्वन्धी ऐनमा वडा समितिको सदस्यहरुलाई प्रति वैठक रु १०००। दरले भत्ता पाउने उल्लेख गरेको छ । वडा समितिको प्रत्येक महिना ३ पटक बैठक बसेको विवरण पेश गरी बैठक भत्ता लेखेको छ । निम्न वडाहरुमा वडा समितिका सदस्य भन्दा वाहेकका कर्मचारी बैठकमा सहभागी रहेको भनि भत्ता खर्च लेखेको छ । वडा समितिका सदस्य बाहेक अन्यलाई दिएको बैठक भत्ता नियमसम्मत नदेखिएको रु.

| वडा न नाम | भत्ता लिनेको नाम | बैठक वसेको | भत्ता रकम |
|---|---|---|---|
| वडा न ६ | जयराम शर्मा | ३६ पटक | ३०६०० |
| | मनिष क्षेत्री | १२ पटक | १०२०० |
| वडा न ३ | विजय थापा | ५ पटक | ४२५० |
| | निर वहादुर खत्री | ९ पटक | ७६५० |
| | सत्य विष्ट | ४ पटक | ३४०० |
| वडा न ७ | विमल गैरे | १८ पटक | १५३०० |
| | मधु अर्याल | ४ पटक | ३४०० |
| जम्मा | | | ७४८०० |

| | |
|---|---|
| अनियमित भएको | ७४,८०० |

३६ **स्थानीय भत्ता**

निजामती सेवा नियमावली २०५० को नियम ९३ मा कुनै निजामती कर्मचारीले स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने उल्लेख छ ।अर्थ मन्त्रालयको मिति २०७१।४।२ को परिपत्रमा उल्लेखित नेपाल सरकार मन्त्री परीषदको मिति २०७१।३।२९ को निर्णयानुसार २०७१।४।१ देखि लागु हुने गरी स्वीकृत गरेको अनुसुचि १ देखि ९ सम्मको नयाँ तलवमान अनुसुचि १० को स्थानीय भत्ताको दर तोकिएको र गुल्मी जिल्ला घ वर्गको जिल्लामा रहेको छ ।पालिकाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।४।१ गते देखि लागु हुने गरी स्वीकृत गरेको अनुसुची बमोजिम स्थानीय भत्ता खर्च लेख्नु पर्नेमा सोमा उल्लेख भएको भन्दा बढी दरले निम्न कर्मचारीहरुलाई स्थानीय भत्ता रु. ११८१९५०।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको स्थानीय भत्ता लेख्न मिल्ने आधार पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | पद | खर्च लेखेको स्थानीय भत्ता | खर्च लेख्नु पर्ने | बढी लेखेको स्थानीय भत्ता | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| बुद प्रकाश पौडेल | प्र प अ | ३९४० | १३५० | २५९० | ७७७० |
| वसन्त रिजाल | ले अ छैठौ | ३९४० | १३५० | २५९० | ३१०८० |
| प्रकास पन्थी | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| नयन सिंह ठकुरी | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| शिव प्रसाद ज्ञावली | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| शंकर प्रसाद मण्डल | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| शुक्रराज पैडेल | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| यम कुमारी राना | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| दिपक गौतम | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| शुसिला भट्टराई | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| सुमित्रा भण्डारी | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| दिपेन्द्र जि सि | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| विपना चौधरी | पाँचौ तह | ३२१० | ९३० | २२८० | २७३६० |
| सुरेश न्यौपाने | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| राधा के सी | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| लिलवहादुर काला | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| दुर्गा प्रसाद शर्मा | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| लक्ष्मी अर्याल | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| महेन्द्र श्रेष्ठ | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| विवेक भण्डारी | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| मधुसुधन शाह | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| नितेश कुमार यादव | चौथो तह | २७६० | ८३० | १९३० | २३१६० |
| यज्ञमुर्ति न्यौपाने | छैठौ | ३९४० | १३५० | २५९० | ३१०८० |
| किरण थापा | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| देव बहादुर थापा | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| कृष्ण प्रसाद गौतम | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| शिब वस्नेत | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| किरण क्षेत्री | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| सुवास अर्याल | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| अगेन्द्र एमसी | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रकाशचन्द्र शर्मा | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| चक्र बहादुर वस्नेत | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| तारा क्षेत्री | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| निमावती पाण्डे | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| ममितमान थापा | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| कल्पना खत्री | छैठौ तह | ३९४० | १३५० | २५९० | ३१०८० |
| रेनुका रेगमी | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| माया राणा | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० |
| शान्ति फौधार | चौथो | २७६० | ८३० | १९३० | २३१६० |
| जिवन पुन मगर | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| रामेश्वर यादब | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| अनिश दगौरा | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| दिपेश कुर्मि | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| रामप्रवेश शह | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| नितेशकुमार जयसवाल | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| गुरुदेव साह | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| सिर्जना बुढाथोकी | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| हेमन्त सुनार | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| मता बमी | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| सम्झना कमारी | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| रिपुकमारी साह | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| सविता चौधरी | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| सुमति के सी | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| कमला गौतम | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| रितु कुमारी महतो | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| चादनी यादव | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| ज्योती घर्ति | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| विमाला राई | चौथो | २७६० | ८३० | १९३० | ५७९० |
| विष्णु प्रसाद भुषाल | प्र. प्र . अ | ३९४० | १३५० | २५९० | ५१८० |
| सरोज भुषाल | प्र. प्र . अ | ३९४० | १३५० | २५९० | १२९५० |
| जम्मा | | | | | ११८१९५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८१,९५० |

३७ **वितरणमुखी तथा अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ ।त्यस्तै उत्पादनमुल तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाइ प्राथमिकता दिनुपर्नेमा पालिकाले वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ । नमुना छनोटको आधारमा परिक्षण गरेकोमा वितरणमुखी कार्यमा वजेट विनियोजन गरी खर्च गरेकोले यस्ता कार्यक्रममा खर्च नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न मिति | वितरीत सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ३३६।१।१० | आरन सामाग्री वितरण | १००००० |
| ३३७।१।१० | कुर्षि वितरण | १००००० |
| | फर्निचर र कुर्सीहरु आमा समूहलाई | ८०००० |
| | भलिबल र नेट वितरण | ७९८०० |

३८ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकल समेत पालिकाले मासिक १० लिटरको दरले र पदाधिकारीले प्रयोग गर्ने सवारीसाधनमा पालिकाले इन्धन प्रयोग गरी रु २००००००।- खर्च लेखेको छ । पालिकाले सवारीसाधनमा खर्च गरेको इन्धनको अभिलेख र इन्धन खर्चको विलसगै इन्धन प्रयोग भएको कुपन नम्वर, सवारी साधनको नम्वर र इन्धनको परीमाण समेतको विवरण उल्लेख गरी खर्च लेखनुपर्नेमा इन्धनको परीमाण र रकम मात्र उल्लेख गरेकोले कुन कुन साधनमा कति परिमाणमा इन्धन प्रयोग भएको भनि यकिन गर्न सकियन । अत : पालिकाले इन्धन प्रयोग गर्ने सवारी साधनवाइज अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार इन्धन सुविधा कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३९ **बिविध तथा होटेल खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले विशिष्ठ व्यक्ति कर्मचारी जनप्रतिनिधिहरुको लागि यस वर्ष खाना तथा विविध खर्चमा रु.२२२७०००।- खर्च गरेको छ ।पालिकामा कार्यरत कर्मचारी,स्थानीय तह प्रदेश तथा संघीय कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधि र सेवाग्रहीलाई चिया, खाजा, नस्ता, खानामा होटेलको बिल पेश गरी कुनै प्रयोजन उल्लेख नगरी विभिन्न मितिको होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।पालिकाले निम्न मितिमा कुनै प्रयोजन नखुलाइ सेवाग्राही कर्मचारी, जनप्रतिनिधि तथा अथितिहरुको लागि होटेलको विल राखी रु. ८७९९३२।- खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो भौ न मिति | खर्चको विवरण | रकम |
|---|---|---|
| ३२।०८०।७।२२ | होटेल खर्च | २२२११५ |
| ८१।०८०।८।२१ | होटेल खर्च | २०८२२० |
| २०३।१०।१५ | होटेल खर्च | २८६९५२ |
| ५२४।०८१।३।१२ | होटेल खर्च | १६२६४५ |
| जम्मा | | ८७९९३२ |

| | |
|---|---|
| अनियमित भएको | ८,७९,९३२ |

४० **ग्रामीण विद्युतीकरण**

गो भौ न २९४।०८०।१२।२६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ को नियम ३९ को उपनिमय १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात भए नभएको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले द्रिबुङ्दह सामुदायकि ग्रामिण विद्युतिकरणको उपभोक्ता समितिको वडा न. १ को विद्युत महशुल रु २०००००।- भुक्तानी दिएकोमा खर्चको बिल पेश गरेको छैन । ग्रामिण विद्युतीकरण उपभोक्ता समितिमा कार्यरत प्राविधिक कर्मचारीलाई अनुदान स्वरुप तलव दिइएको उक्त संस्था नाफामूलक संस्था भएकोले यस्ता नाफामूलक संस्थालाई अनुदान दिने कुरा नियम संगत नदेखिएको रु,

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

४१ **शिक्षा तर्फ**

**(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर :** कार्यक्रम कार्यान्वियन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**ख) बिद्यालयहरुको लेखापरीक्षण:** पालिकामातहतकाविद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ ।पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण गराएको बिबरण प्राप्त भएको जनाए तापिन लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन ।अतः पालिकाबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ। साथै दर्तावाल लेखापरीक्षकहरुले लेखापरीक्षण प्रतिवेदनमा Unique Document Identification Number (UDIN) प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

**ग) अनुगमन:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

**घ) विद्यालयको भौतिक पूर्वाधार व्यवस्था** : पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**ङ) कार्यक्रम कार्यान्वयन पुस्तिका** मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको,

**च)** संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

यस तर्फ सुधार हुनुपर्दछ ।

४२ **समानीकरण अनुदानबाट शिक्षकको तलव**

अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान वेगर पालिकाबाट रु २६०००००।- र पालिकाबाट ३८ वटा विद्यालयमा एल केजी तथा नर्सरी कक्षा संचालन गर्न शिक्षक नियुक्त गरी शिक्षकको तलव भत्तामा रु. ६४२२०००।- समेत समानिकरण अनुदानबाट रु. ९०२२०००।- भुक्तानी गरेको छ ।शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा वित्तीय समानीकरणबाट अनुदानबाट प्रशासनिक कार्यमा बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा निजि शिक्षकको तलब भत्तामा खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९०,२२,००० |

४३ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन दिने व्यवस्था छ । सो अनुरुप यस वर्ष पालिकाले निम्नानुसारको क्रियाकलापको लागि ८ विद्यालयलाई रु. २७०००००।- अनुदान उपलब्ध गराएकोमा देखिएका व्यहोरा यस प्रकार छन्

| क्र. | ग.भौ. र मिति | विद्यायलको नाम | उप क्रियाकलाप | रकम |
|---|---|---|---|---|
| १ | १६२-२०८१।३।२० | ज्ञानोदय मा.वि. | शिक्षकको लागि विद्यालय मार्फत प्रोत्साहन | २००००० |
| २ | १६२-२०८१।३।२० | उदय मा.वि. | प्राविधिक शिक्षा संचालन | ७००००० |
| ३ | १६२-२०८१।३।२० | शारदा मा.वि साराङ | उत्कृष्ट विद्यालय अनुदान | २००००० |
| ४ | १६२-२०८१।३।२० | शारदा मा.वि.रुपाकोट | उत्कृष्ट विद्यालय अनुदान | १००००० |
| ५ | १६२-२०८१।३।२० | जनता बालनिकेटन | उत्कृष्ट विद्यालय अनुदान | १००००० |
| ६ | १६२-२०८१।३।२० | ग्वाधा मा.वि. | उत्कृष्ट विद्यालय अनुदान | १००००० |
| ७ | ६८-२०८१।१।२४ | जनताबालनिकेतन मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| ८ | १७७-२०८१।३।२३ | उदय मा.वि. | पुस्ताकालय व्यवस्थापन | ६५०००० |
| | कूल जम्मा | | | २७०००००० |

४३.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४३.२ शैक्षिक व्यवस्थापकीय सुधार र सुशासनमा उत्कुट कार्य गरेका विद्यालय मध्ये माथि उल्लेखित क्रम संख्या ३ देखि ६ सम्म उल्लेख गरिएका ४ विद्यालयलाई उपलब्ध गराइएको रु, ५००००० को सामाजिक परीक्षण मापडण्ड २०७८ ले तोकेको विधि, प्रकृया र पद्वती बमोजिम उक्त रकम वितरण गरेकोमा विद्यालयहरुले क्षमता विकास अविभावक सचेतना अध्ययन भ्रमण , प्रविधियुक्त सिकाई , छिमेकी विद्यालयहरु संगको अन्तरक्रिया एवम् विद्यालयको मौलिक अभ्यासलाई प्राथमिकता दिने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गरी सम्पादित कार्यको प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रुपमा पठाउने व्यवस्था भएकपनि विद्यालयहरुले प्रगति प्रतिवेदन स्थानीय निकायमा पेश गरेका छैनन् । स्थानिय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ।

४३.३ कार्यक्रम कार्यान्वियन पुस्तिका , २०८०।८१ को ९.३ अनुसार सामाजिक परीक्षण मापडण्ड २०७८ ले तोकेको विधि ,पद्वती र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। सो बमोजिम शारदा मावि साराङले ८७.७५ अंक र शारदा मावि रुपाकोटले ८४ अंक प्राप्त गरेको पालिकाले जनाएको छ। कार्यावन्यन पुस्तिका बमोजिम ति विद्यालयहरुलाई क्रमशः रु.३ लाख र रु. २ लाख निकासा दिनुपर्नेमा पालिकाले उक्त व्यवस्था विपरित जनता बालनिकेटन मावि पिपलपाता र ग्वाधा मा.वि.लाई पनि प्रथम र दोस्रो हुने विद्यालयले प्राप्त गर्नु पर्ने अनुदान घटाई रु. १/१ लाख गरी नियम विपरित रुपमा अनुदान उपलब्ध गराएको रु,

| अनियमित भएको | २,००,००० |
|---|---|

४३.४

माथि उल्लेखित क्र.सं. ७ र ८ का विद्यालयलाई विज्ञान प्रयोगशाला र पुस्ताकालय स्थापना गर्न र क्र.सं. १ र २ लाई विद्यालय मार्फत प्रोत्साहन र प्राविधिक शिक्षा संचालन अनुदान उपलब्ध गराएकोमा पालिकाबाट अनुदान उपयोगको बारेमा अनुगमन नहुँदा प्रयोगशाला र पुस्तकालय स्थापना भए वा नभएको , प्रभावकारी रुपमा सञ्चालनमा आए नआएको साथै अनुदानको सदुपयोग भए नभएको अवस्था यकिन गर्न सकिएन । यस सम्बन्धमा आवश्यक अनुगमन गरिनुपर्दछ ।

## ४४ शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ४० वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| सि. न . | विद्यालयको नाम | दरबन्दी संख्या | पदपूर्ति | पदपूर्ति मध्ये करार (राहतसमेत) | जम्मा विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|
| १ | भीमा प्रा.वि. चन्द्रकोट-१ | ३ | ३ | | ५८ | १९ |
| २ | शारदा मा.वि. चन्द्रकोट-१ अर्जेवा | १० | १० | ४ | ५७ | ६ |
| ३ | शारदा मा.वि. चन्द्रकोट-१ सराङ | १३ | १३ | ८ | २६२ | २० |
| ४ | सरस्वती मा.वि. चन्द्रकोट-२ | १३ | १३ | ६ | २५१ | १९ |
| ५ | जनज्योति प्रा.वि.चन्द्रकोट-२ | ३ | ३ | ० | ३२ | ११ |
| ६ | जनता प्रा.वि. चन्द्रकोट-२ | २ | २ | ० | २७ | १४ |
| ७ | इन्द्रचोक प्रा.वि.चन्द्रकोट-२ | ३ | ३ | २ | ८७ | २९ |
| ८ | कालिका प्रा.वि.चन्द्रकोट-२ | १ | १ | ० | १७ | १७ |
| ९ | हर्राचौर मा.वि. चन्द्रकोट-३ | १० | १० | ४ | ८० | ८ |
| १० | बालबोध नि.मा.वि. चन्द्रकोट-३ | ७ | ७ | ५ | ४७ | ७ |
| ११ | जनसहयोग प्रा.वि. चन्द्रकोट-३ | २ | २ | १ | २६ | १३ |
| १२ | सरस्वती प्रा.वि. चन्द्रकोट-३ | १ | १ | १ | ४३ | ४३ |
| १३ | खड्गदेव प्रा.वि. चन्द्रकोट-४ | ३ | ३ | १ | ३८ | १३ |
| १४ | डाँडावन प्रा.वि. चन्द्रकोट-४ | ३ | ३ | १ | ५२ | १७ |
| १५ | उदय मा.वि. चन्द्रकोट-४ | २५ | २५ | १२ | ६९० | २८ |
| १६ | बालज्योति प्रा.वि. चन्द्रकोट-४ | ३ | ३ | १ | ६५ | २२ |
| १७ | भूमिस्थान प्रा.वि. चन्द्रकोट-४ | ३ | ३ | १ | ४० | १३ |
| १८ | सन्तोषी प्रा.वि. चन्द्रकोट-४ | १ | १ | १ | २१ | २१ |
| १९ | भारती नि.मा.वि. चन्द्रकोट-४ | ४ | ४ | २ | ६८ | १७ |
| २० | ग्वाघा मा.वि. चन्द्रकोट-५ | १२ | १२ | ३ | २४२ | २० |
| २१ | सन्तोषीमाता प्रा.वि. चन्द्रकोट-५ | २ | २ | ० | १८ | ९ |
| २२ | हिमालय नि.मा.वि. चन्द्रकोट-५ | ५ | ५ | १ | ७३ | १५ |
| २३ | नेराचन्द्रोदय प्रा.वि. चन्द्रकोट-५ | ३ | ३ | ० | ५१ | १७ |
| २४ | हरेवा नि.मा.वि. चन्द्रकोट-६ | ४ | ४ | १ | ६८ | १७ |
| २५ | नर्मदा प्रा.वि. चन्द्रकोट-६ | ३ | ३ | १ | १८ | ६ |
| २६ | झरना प्रा.वि. चन्द्रकोट-६ | १ | १ | ० | ६ | ६ |
| २७ | महेन्द्र प्रा.वि. चन्द्रकोट-६ | २ | २ | ० | ३९ | २० |
| २८ | झापक प्रा.वि. चन्द्रकोट-६ | २ | २ | १ | १७ | ९ |
| २९ | चण्डिस्थान प्रा.वि. चन्द्रकोट-६ | ३ | ३ | २ | २१ | ७ |
| ३० | शारदा मा.वि. चन्द्रकोट-७ रुपाकोट | १२ | १२ | ७ | २१७ | १८ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | जनता नि.मा.वि चन्द्रकोट-७ | ४ | ४ | ३ | ९१ | २३ |
| ३२ | हिराभवन प्रा.वि. चन्द्रकोट-७ | ३ | ३ | ० | ५७ | १९ |
| ३३ | रामकोट प्रा.वि. चन्द्रकोट-७ | ३ | ३ | १ | १०१ | ३४ |
| ३४ | ज्ञानोदय मा.वि. चन्द्रकोट-८ | २० | २० | ४ | ६३१ | ३२ |
| ३५ | जनता बालनिकेतन मा.वि. चन्द्रकोट-८ | ८ | ८ | ५ | १९१ | २४ |
| ३६ | उदय प्रा.वि. चन्द्रकोट-८ | ३ | ३ | ० | २९ | १० |
| ३७ | सरस्वती प्रा.वि. चन्द्रकोट-८ | ३ | ३ | १ | ३७ | १२ |
| ३८ | बालकल्याण आ.वि. चन्द्रकोट-८ | ३ | ३ | १ | ६९ | २३ |
| ३९ | किसिकोट प्रा.वि. चन्द्रकोट-८ | ३ | ३ | २ | २२ | ७ |
| ४० | बालविकास प्रा.वि. चन्द्रकोट-८ | २ | २ | २ | ३१ | १६ |
| जम्मा | | २११ | २११ | ८५ | ३९९० | १९ |

पालिलकाबाट प्राप्त विद्यालयका शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ४० विद्यालयमा २११ शिक्षक रहदा जम्मा विद्यार्थि ३९९० रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ । ८५ शिक्षक करारमा नियुक्त छन् । साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

## ४५ राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।
- तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ।

## ४६ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले

दिवा खाजा वापत औषत १७४.३३ दिनको २४१६ विद्यार्थीलाई ४२०९४८ हाजिरी दिनको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु. ६३१४२२०।– अनुदान उपलब्ध गराएको छ। पालिकाले ४८ विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

| गो. भौ . र मिति | दिवा खाजा रकम |
|---|---|
| २३- २०८०।८।३० | १३५४२०० |
| ६५- २०८१।१।१८ | २७९८९८५ |
| १२९- २०८१।३।१५ | २१६१०३५ |
| जम्मा | ६३१४२२० |

**क.** स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।

**ख.** विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

## ४७ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. ६३/०८१।१।१३२ बाट रु. १३२१३४६।– र गो.भौ.नं. १०८/०८१।३।११ बाट रु, ६६३०३८ गरी जम्मा रु. १९८४३८४।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यार्थीले पाठ्यपुस्तक समयमा पाए नपाएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

## ४८ **सेनेटरी प्याड व्यवस्थापन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले विद्यालयबाट हुने सेनेटरी प्याडको वितरण र प्रयोग अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले यस वर्ष खुला दरभाउपत्रको माध्यामबाट एन्जल टच हाइजिङ मेनुफेक्चरिङ प्रालि बाट २४० mm को ३१७६ प्याकेट प्रति प्याकेट भ्याट समेत रु. ७६ मा रु.२४१३७६।– र २८८ mm को ३२०० प्याकेट भ्याट समेत प्रति प्याकेट रु, १०३ मा रु, ३२९५९८ गरी जम्मा ५७०९७५ को गो .भौ. नं. ९७-२०८१।३।१ बाट खरिद गरी १४ विद्यालयलाई वितरण गरेको भएतापनि पालिकाले अनुगमन गरेको छैन ।साथै आ.व. को सुरुमै खरिद गरी वितरणको व्यवस्था हुनुपर्नेमा आ.व.को अन्त्यमा खरिद गरी वितरण गर्दा छात्राहरुले समयमा प्याड नपाउने अवस्था छ। विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । तसर्थ पालिले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

## ४९ **शिक्षण सहयोग अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या |
|---|---|---|
| कक्षा ९ र १० | | |
| जनता बालनिकेटन मा. वि . | ३८ | ३ |
| कक्षा ६ देखि ८ | | |
| भारती आ. वि . | ३० | १ |
| हरेवा आ. वि . | १५ | १ |
| हिमालय आ. वि . | ३२ | २ |
| जनता आ. वि . | २१ | २ |

## ५० नमुना विद्यालय

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को ९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न कार्यक्रम निर्धारण गरी यस पालिका र ज्ञानोदय नमुना मा.वि. मजुवा बीच कार्ययोजना अनुसार पेश गरेका क्रियाकलापहरु संचालन गर्न आ.व. २०८०।८१ को अन्त्य सम्म कार्यसम्पन्न गर्ने गरी रु, ३४ लाख ४० हजारको लगत ईष्टिमेट तयार गरी मिति २०८०।११।१३ मा सम्झौता भएको थियो। सम्झौता अनुसार विद्यालयले रु,३० लाख ५७ हजार ७१८ खर्च गरी गो.भौ. नं. १७९-२०८१।३।२३ बाट रु, २६ लाख ६६ हजार ६३८ रुपैयाँ भुक्तानी दिई योजना फरफारक गरेको छ। सम्झौता अनुसार विद्यालयले प्रतगती विवरण पेश गरे तापनि व्यवस्थापकीय योजना अनुसार खरिद गरिएका सामाग्रीहरु तोकिएको ढाँचामा जिन्सी दाखिला गरेको छैन भने विद्यालयले लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छैन। पालिकाले जीव विज्ञान , रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन अवसर सुनिश्चित गरी शैक्षिक सुशासनका न्युनतम् सर्त पुरा भए नभएको सुनिश्चित गर्न नियमित अनुगमनको व्यवस्था हुनु पर्दछ। साथै खरिद गरिएका सामाग्रीहरु जिन्सि आम्दानी बाध्न लगाई लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ।

## ५१ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष गो. भौ. नं. १६३-२०८१।३।२० सोझै केल्सियम ३० हजार ट्याबलेट रु, ४.६० का दर रु, १३८००० र भौ.नं. २८-२०८०।१०।३ बाट विभिन्न ९८ थरिका औषधि तथा सर्जिकल सामान केयु इन्टरनेशनल नेपालगंजबाट खुला दरभाउ पत्रको माध्यमबाट जम्मा रु, ९ लाख ९८ हजार ९३२ गरी कुल जम्मा ११ लाख ३६ हजार ९३२ का औषधि तथा सर्जिकल सामान खरिद गरेको छ। औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन । खरिद भएका औषधिहरु स्टोर दाखिला गर्दाको समयमा १८ महिना भन्दा बढी म्याद भएको अर्थात सेल्फ लाईफको ७५ प्रतिशत म्याद हुनुपर्ने व्यवस्था छ। केयु इन्टरनेशनल नेपालगंजबाट मिति २०८०।९।२ मा खरिद गरिएका ९८ प्रकारका औषधिहरु मध्ये दाखिला

मिति २०८०।९।२४ अर्थात २०२४ जनवरी ९ को हिसावले औषधिहरुको म्याद कम्तिमा २०२५ जुलाई ९ भन्दा बढी म्याद भएको औषधि खरिद गर्नुपर्नेमा तपशिल अनुसार उदाहरणको रुपमा राखिएका केही औषधिहरुको म्याद १८ महिना भन्दा कम अवधि भएका ४० थरिका औषधि रहेको पाईयो। जसमध्ये केही उदाहरण तपशिल अनुसार उल्लेख गरिएको छ। तसर्थ पालिकाले पुरा म्याद भएको औषधि खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| क्र. सं. | औषधिको नाम | व्याच नं. | अन्तिम म्याद | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Albendazole400mg tab | Cks-2304 | 2025.6.30 | ५००० |
| २ | Lmloddipine5mg tab | Tpos-02 | 2025.5.30 | १५००० |
| ३ | Amoxycillin 500mg cap | 5140/am80 | 2025.5.29 | ८००० |
| ४ | Amoxycillin 125mg /5ml60mldry syruop | 5142-SR-89 | 2025.5.30 | १०० |
| ५ | Azithromycin 250 mg tab | Wzt90002 | 2025.5.31 | ५००० |

५२ **सामुदायिक स्वास्थ्य इकाई स्थापना**

पालिका भित्रका वडाहरुमा स्वास्थ्य चौकीहरु स्थापना भई संचालनमा रहेका छन । पालिकाले पालिका भित्रको दुर्गम तथा भौगोलिक कठीनाई भएको स्थानको पहिचान गरी आवश्यक स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी संचालन गर्नुपर्दछ ।पालिकाले आवश्यकताको पहिचान नगरी गत विगत देखि ९ वटै वडामा सामुदायकि स्वास्थ्य स्थापना गरी स्वास्थ्यकर्मी अनमी, अहेव र कार्यालय सहयोगी नियुक्त गरी रु २४२९०२८।तलव भत्तामा खर्च लेखेको छ ।अत : पालिकाले दुर्गम तथा भौगोलिक कठीनाई भएको स्थानको पहिचान गरी आवश्यक स्थानमा मात्र सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी संचालन गर्नुपर्दछ ।

५३ **न्यानो झोला**

पालिकाले यस वर्ष प्लाज्मा सर्जिकल प्रा.लि. बाट २०० पिस प्रति पिस भ्याट समेत ८९५ मा रु. १७९००० मा गो.भौ.नं. १६३-०८१।३।२० बाट खरिद गरेको छ । उक्त झोला तोकिएको मापदण्ड तथा स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको चेकजाँच गरी प्रतिवेदन तयार गरेको छैन ।

५४ **नर्म्स भन्दा बढी खर्च**

स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान सम्बन्धी मार्गदर्शन २०८०।८१ को मातृ तथा नवशिशु कार्यक्रम शीर्षक अन्तर्गत बुँदा नं. १.७ मा सुत्केरी महिलालाई आकस्मिक प्रेषणकालागि भनेर चन्द्रकोट गाउँपालिकाले वार्षिक ३० हजार सम्म खर्च गर्न सकिने र त्यो भन्दा बढी गर्न नपाइने उल्लेख छ। तर पालिकाले विभिन्न गो. भौ. मार्फत सुत्केरी महिलाहरुलाई आकस्मिक प्रेषण भनी रु, ६३००० भुक्तानी गरेको पाइयो। यसरी मापदण्ड सीमा विपरित भुक्तानी भएकोले नियमसंगत नभएको रु,

| | |
|---|---|
| अनियमित भएको | ३३,००० |

५५ **नर्म्स भन्दा बढी खर्च**

स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान सम्बन्धी मार्गदर्शन २०८०।८१ अन्तर्गतको महिला स्वास्थ्य स्वयमसेविकाको वार्षिक समिक्षा गोष्ठी कार्यक्रमकालागि आ.व. २०८०।८१ को LMBIS Code 2.7.22.67 मा उपलब्ध रकमलाई बाँडफाँड गरी यातायात खर्च तथा पोसाक प्रोत्साहनलाई अनिवार्य रूपमा पहिलो प्राथमिकता दिई बाँकी वजेटले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउने तथा वार्षिक समिक्षा पालिकाको आफ्नै वजेट वाट संचालन गर्न सकिने उल्लेख छ।साथै सोही बजेट शीर्षकमा चन्द्रकोट गाउँपालिका ,गुल्मीको लागि रु, ४१००० सम्म खर्च गर्न पाउने व्यवस्था रहेकोमा पालिकाले २ दिनको दरले ७७ जना स्वयमसेविकालाई रु, ६१६०० कार्यक्रम समिक्षा गोष्ठीकोलागि भुक्तानी दिएको पाइयो।यसरी मापदण्ड भन्दा बढी खर्च भएकोले नियमसंगत नभएको रु,

| | |
|---|---|
| अनियमित भएको | २०,६०० |

## ५६ आलुबाली पकेट विकास निरन्तर कार्यक्रम

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५७ मौरीपालन नयाँ पकेट कार्यक्रम

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५८ लघुउद्यम कार्यक्रम

गरीबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु. २३ लाख ३८ हजार ५०० रकम विनियोजन भएकोमा रु. ६ लाख ३४ हजार ८५३ खर्च गरेको पाईयो । लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने मर्मको साथ पालिकाले यस वर्ष विभिन्न वडामा ८ वटा सिपमूलक कार्यक्रम संचालन गरेको छ । सो सम्बन्धमा देखिएको विवरण निम्नानुसार छन।

**अनुगमन** - पालिकाले गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्बन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्बन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्बन्धमा ध्यानदिनु पर्दछ ।

**कार्यक्रम खर्च** - पालिकाले मेडपा कार्यक्रम अन्तर्गत विभिन्न वडामा सिपमूलक कार्यक्रम संचालन गरेको पाइयो। यसरी कार्यक्रम संचालन गर्दा लाग्ने कार्यक्रम खर्चमा मितव्यिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| कार्यक्रम | वडा | लाभग्राही | खर्च रकम |
|---|---|---|---|
| अभिमुखीकरण कार्यक्रम | १ र ७ | ४५ | १५६७५ |
| व्यवसायीक मौरिपालन तालिम | १, ६ र ७ | ८८ | ५३३५७९ |
| आलुखेति सम्बन्धी स्तोन्नती तालिम | ३ | ३५ | ८५५९९ |
| जम्मा | | | ६३४८५३ |

## ५९ प्रविधि हस्तान्तरण

घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गर्नुपर्ने, नं. ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. १०५८३०।- बराबरको इन्टरलक होजियारी मेशिन - १ वटा , धारा टुटी ,मिटर ,गेटबल सेट – २० वटा र कम्बाईन मिल – १ वटा खरिद गरी क्रमशः सिर्जनशिल समुह, बोटेगाउँ कृषक समुह र शिवशक्ति कृषक समुहलाई वितरण गरेकोमा पालिकाले कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरेको छैन ।अतः प्रविधिक हस्तातरण पश्चात उद्यमीले व्यवसाय संचालन गरे नगरेको नियमित अनुगमन हुनुपर्दछ ।

## ६० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ वटा योजना संचालन गरी ६४ जनालाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई कुल रु, ६६लाख मध्ये रु. ४२७५२००। - श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ६१ गरिबीसंग विश्वेश्वर कार्यक्रम

लक्षित विपन्न समुदायको आय आर्जनको लागि पालिकाले भौचर नं. ३६ -२०८१।३।७ र ३८-२०८१।३।७ बाट वडा नं. ४ ,५ मा रु, ३००००० को ३० वटा उन्नत जातको बाख्रा वितरण गरेको पाईयो। जस सम्बन्धी विवरणहरु देहाय अनुसार छन –

**अनुगमन प्रतिवेदन** – यस बाख्रा वितरण कार्यक्रमकालागि भनेर ३० जना लाभग्राहीहरु छनौट गरी रु, ३००००० बराबरको बाख्रा वितरण गरेको पाइयो। उक्त बाख्रा वितरण गरिसकेपछि सम्बन्धित लाभग्राहीहरुले प्राप्त गरेको बाख्राको अवस्था के कस्तो छ भनेर पालिकाले यस सम्बन्धी अनुगमन गर्ने र अनुगमन गरेको प्रतिवेदन समेत कार्यालयमा पेश गर्नु पर्दछ। तर पालिकाले सो कार्यक्रम सम्पन्न गरिसकेपछि कार्यक्रमको प्रभावकारिता र उपलब्धि के कस्तो भयो भन्ने बारे केही जानकारी दिएको छैन ।यसको यथार्थ अवस्था सहित अनुगमन गरेको प्रतिवेदन पेश गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्छ।

**प्रस्तावना विपरित कार्यक्रम** - उल्लेखित कार्यक्रमकालागि मिति २०८०।१२।२८ गते वडा नं. ५ र २०८१।१।२० गते वडा नं. ४ मा बसेको वडा समिति बैठकको निर्णय नं. २ मा २० जना लाभग्राहीको छनौट गरी प्रति लाभग्राही १०००० का दरले बाख्रा वितरणकालागि रकम उपलब्ध गराउने भन्ने प्रस्तावना पेश भएकोमा अन्तिम प्रतिवेदन सम्ममा थप १० जना सहित ३० जनालाई बाख्रा वितरणकालागि रकम दिइएको पाइयो। साथै उक्त प्रस्तावनाको लिस्टमा परेका लाभग्राहीलाई बाख्रा वितरण नगरी अरु नयाँ लाभग्राहीलाई समावेश गरी रकम वितरण गरेको पाइयो।पालिकाद्धारा लक्षित वर्गको पहिचान हुन जरुरी छ।

## ६२ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको लागि यस सुरक्षित नागरिक आवास कार्यक्रम :-प्रदेश नं. ५ को गुल्मी जिल्ला क्षेत्र नं. १ अन्तर्गत गुल्मी दरबार गाउँपालिका- ५६१ वटा (क्रमागत) अन्तर्गत रु ३५ लाख बजेट व्यवस्थापन भएकोमा यस वर्ष रु.२८ लाख ३० हजार खर्च भएको देखिन्छ । सोमध्ये ३ जना व्यक्तिहरुसँगलाई प्रथम किस्ता वापत रु.४५०००/- का दरले रु.१३५०००/- भुक्तानी गरेकोमा निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

## ६३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

**भत्ता निकासा**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस चन्द्रकोट गाउँपालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रु, ११ करोड ८६ लाख ७४ हजार ४७७ बैंकमा निकासा गरेको देखिन्छ ।

नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलान-** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि पालिका र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी पालिकाले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

## ६४ विभिन्न भैपरी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा विभिन्न भैपरी खर्च शिर्षकमा रु. २५ लाख ५० हजार अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी विभिन्न भैपरी खर्च शिर्षक उल्लेख गरि अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी मर्मत सम्भारका रुपमा विभिन्न टुक्रे कार्य तथा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ । पालिकाले यसरी अबण्डा बजेट राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उक्त खर्चहरु सार्वजनिक गरी पालिकाको सभाबाट अनुमोदन समेत हुनुपर्दछ । पालिकाले देहायअनुसार विभिन्न भैपरी खर्च शिर्षकबाट खर्च गरेको देखियो।

| क्र.सं | विवरण | संख्या | खर्च रु. | कार्य |
|---|---|---|---|---|
| १ | सोझैर | | | |
| २ | टिमुरे कन्सट्रक्स्न प्रा ली | ६ | ११७२३४१ | मोटरबाटो सरसफाई , बाटो सोह्ने , पहिरो हटाउने |
| ३ | भैरवकाली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३ | २३९७६० | |
| ४ | यात्रा कन्स्ट्रकसन एण्ड सप्लायर्स | १ | १४८१५८ | |
| ५ | अन्य निर्माण व्यवसायी | ६ | ८८९२८६ | |
| ६ | अमानत | ६ | १६५७८३ | खानेपानी मर्मत , मोटरबाटो सरसफाई |
| ७ | खरिद | २ | ६४९०० | सामाग्री खरिद |
| ८ | साझेदारी | १ | १९५५०७ | मुसिकोटसंगको साझेदारी कार्यक्रम |
| | | | २४४९५४५ | |

## ६५ ५० प्रतिशत लागतमा कृषि उपकरण खरिद कार्यक्रम

सार्बजनिक खरीद ऐन २०६३को दफा ८(२)मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरीद गर्दा प्रतिष्प्रर्धा सिमित हुने गरी खरीद गर्न नहुने व्यबस्था छ । पालिकाले ५० प्रतिशत लागत साझेदारीमा कृषिजन्य उपकरण खरिदका लागि रु.१० लाख बजेट विनियोजन गरी कृषकको लागत साझेदारीमा कृषि उपकरण खरिद गर्न रु.२० लाखको लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सो नगरी ३ फर्मसंग दररेट माग गरी कृषि उपकरणहरुको दररेट निर्धारण गरी कृषकहरुसंगै अष्टदीप एग्रो इन्जिनियरिंग सेल्ससंगको छुट्टा छुट्टै खरिद गरिएको विल माग गरी देहाय अनुसार रु. १९९९२५०।०० मा खरिद गरिएका सामान वापत रु. ९९९६२५।०० भुक्तानी गरेको छ ।पालिकाले कृषकहरुको लागत सहभागिता रकम समेत पालिकाको बजेट संग एकमुष्ट गरी खरिद नियमावली अनुसार प्याकेजिंग गरि खरिद गर्नुपर्नेमा सो नगरी कोटेशन मार्फत दररेट निर्धारण गरी एउटै आपूर्तिकर्तासंग प्रतिस्पर्धा सिमित हुने गरी असार मसान्तमा गरेको छ। अत: प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्दछ ।

| सि. न | सामाग्री | कृषक संख्या | दर रु | खर्च रु. |
|---|---|---|---|---|
| १ | मिनिटिलर हाते ट्रयाक्टर १७ एचपी | १७ जना | ६३२५० | १०७५२५० |
| २ | कुटानी पिसानी मिल ३ एचपी | १८ जना | ४०००० | ७२०००० |
| ३ | फलफूल वेर्नाका लागि खाडल खन्ने मेसिन ५२ सिसि | ४ जना | २६००० | १०४००० |
| ४ | कल सेलर ०. ५ एचपी | ३ जना | १२००० | ३६००० |
| ५ | अमिलो पेल्ने मेसिन | २ जना | ३२००० | ६४००० |
| | | | | १९९९२५० |

६६ **पाईप जडान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५८,९८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६७ **किटेनी खानेपानी योजना वडा नं.५**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५७८,९८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६८ **भुक्तानी र वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ईएप टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्दछ । पालिकाले भौ.न.२३०।१२।२७ बाट घिमिरे स्पोर्टसबाट रु. ७७८००।०० मा खेलकुद सामाग्री खरिद तथा वित्तरण (१७ थान भलिबल रु.४२५०० र भलिबल नेट १७ थान रु.२६३५०।- का लागि सम्बन्धित पार्टीलाई भुक्तानी नगरी वडा सचिवको नाममा भुक्तानी गरेको नियम अनुसार देखिएन । साथै उक्त खेलकुद सामाग्री वित्तरण सम्बन्धमा भरपाई समेत पेश नहुदा उक्त रकमको सहि सदुपयोग भए नभएको एकिन हुन नसकेकोले यस सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७७,८०० |
|---|---|

६९ **खानेपानी मोटर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौ.नं. ८६।०८०।१०।१५ बाट ग्रिन नेपााल डिप वेल कन्स्ट्रक्सन एण्ड डब्लु.एस.पि. सप्लायर्ससंग रु.४२४६६२।०० मा लिफ्टीङ खानेपानी मोटर तथा सामाग्री खरिद गरेकोमा उक्त सामाग्रीहरु जडान भएको प्राविधिक प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४,२४,६६२ |
|---|---|

७० **ग्वाघा भवन निर्माण**

संघ विशेष कार्यक्रम तर्फ ग्वाघा भवन निर्माण कार्यका लागि रु.६० लाख बजेट विनियोजन भएकोमा पालिकाले १ बोलपत्र र १ हार्डकपी सिलबन्दी दरभाउ पत्र मार्फत कार्य गराई रु.५९७४८४६।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

७०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तथा एजविल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ । ठेक्का नं. NCB-3/80-81 ग्वाघा भवन निर्माणका लागि रु.५९७४८४६।०० को लागत अनुमान तयार गरी २०८१।१।१० सम्म रु.४६८७७९८।०० मा २०८०।७।२२ सम्झौता गरेकोमा अन्तिम विल रु.२१०१२४४।३६ समेत रु.४६८२९९७।२४ कार्य सम्पन्न गरे वापत एजविल्ट नक्सा वेगर भुक्तानी गरेको छ । खरिद कानुन अनुसार निर्माण कार्यको सम्झौतामा एजविल्ट नक्सा पेश गर्नुपर्ने प्रावधान राख्नुपर्दछ ।

७०.२ **थप निर्माण कार्य (हार्डकपी सिलबन्दी दरभाउपत्र)** - सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी खुला, पारदर्शि, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहीता विश्वसनीयता हासिल गर्ने उद्धेश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४६ को उपनियम ३ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा विद्युतीय प्रणाली खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारवाही सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले प्राप्त संघ विशेष बजेट बमोजिम NCB-3/80-81 बाट २१.७९ प्रतिशत घटीमा दिब्रुङ देउराली निर्माण सेवासंग ठेक्का सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेकोमा पुन: बचत रकमबाट कार्यक्रम बजेटबाट रु.१३०९४०७।६२ को लागत अनुमान तयार गरी विद्युतीय खरिद ई-विडिङ्ग को प्रयोग नगरी हार्डकपी सिलबन्दी दरभाउपत्र खरिद विधि मार्फत सोही निर्माण व्यवसायी दिब्रुङ देउराली निर्माण सेवा.संग रु १२९३३७७।००(१.२४ प्रतिशत मात्र घटी) मा सम्झौता गरी भुक्तानी गरेको छ । यसरी पालिकाले रु.२० लाख भन्दा घटीको थप लागत अनुमान तयारी गरेर यसरी विद्युतीय प्रणाली ई-बिडंङ्ग नगरी लागत अनुमान भन्दा १.२४ प्रतिशत मात्र घटी रहेकोले उक्त खरिद कार्य खुला, मितव्ययि र वास्तविक रुपमा प्रतिस्पर्धा भएको देखिदैंन । विद्युतीय प्रणालि मार्फत कार्य भएको आधारमा हार्डकपी सिलबन्दीबाट कार्य गराउँदा रु.२६५७८८।०० व्ययभार परेकोले पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको विद्युतीय माध्यमको बोलपत्र सम्बन्धी व्यवस्थाको पालना गरी सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी विश्वस्नीय, खुला, प्रतिस्पर्धि बनाई मितव्ययियता कायम हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७१ **दिब्रुङ स्वास्थ्य चौकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरामा खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम तथा समय समेत विचार गर्नुपर्ने तथा आधार खुलाई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेको छ । ठेक्का नं. NCB-7/80-81, संघ विशेष कार्यक्रम तर्फ दिब्रुङ स्वास्थ्य चौकी निर्माण कार्यका लागि रु.६० लाख बजेट विनियोजन भएकोमा पालिकाले रु.२३९८४२६१।२८ को लागत अनुमानमा निर्माण व्यवसायी डि.एस.जे.बि. जे.भि.संग २०८३।५।२७ मा कार्यसम्पन्न गर्ने गरी २०८१।१।२१ मा रु.१६४८२५०८।९१ मा सम्झौता गरेको छ । पालिकाले लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्ने अवधि २८ महिना तय गरेको जनाएको छ । निर्माण व्यवसायीलाई पेश्की रु.२८८४०७१।०० र प्रथम रनिंग विल वापत रु.२८९८७४२।०० समेत रु.५७८२८१३।०० भुक्तानी भएको छ । उक्त २ तल्ले भवन निर्माण कार्यको लागि ल्याण्डस्केपिङ र रिटेनिङ वालको कार्य भई स्ट्रकचरको काम शुरु हुन बाँकी रहेको छ । निर्माण कार्य २८ महिना भित्र कार्यसम्पन्न गर्नुपर्ने समयावधि तोकेको छ जुन सो भन्दा ठूला रकमका भवनका ठेक्का भन्दा अधिक रहेको छ ।समयावधि तोक्दा नियमानुसार पालिकाले workschedule तथा निर्माण कार्यको volume तथा अन्य फ्याक्टरलाई समेत आधार लिई समयावधि विश्लेषण गरी निर्माण कार्यको समय तोक्नुपर्दछ ।

७२ **कृषि उपज संकलन केन्द्र**

सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी खुला, पारदर्शि, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहीता विश्वसनीयता हासिल गर्ने उद्धेश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४६ को उपनियम ३ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारवाही सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले कृषि उपज संकलन केन्द्र निर्माणका लागि रु.१४९२५१७।विद्युतीय खरिद प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र आवहान गरि खरिद कार्य गर्नुपर्नेमा सो नगरी हार्डकपी सिलबन्दी दरभाउपत्र खरिद विधि मार्फत निर्माण व्यवसायी दिब्रुङ देउराली निर्माण सेवासंग रु.१४८०६५४।००(०.७९ प्रतिशत घटी) मा २०८१।३।१८ देखि २०८१।२।२३ सम्म सम्झौता गरी रु.९१४१२५।२६ भुक्तानी गरेकोमा कार्य सम्पन्न भएको छैन । उक्त निर्माण कार्य नियमानुसार सम्पन्न गराउनुपर्दछ । यसरी पालिकाले रु.२० लाख भन्दा घटीको थप लागत अनुमान तयारी गरेर यसरी विद्युतीय प्रणाली ई-बिडिंङ्ग नगरी लागत अनुमान भन्दा ०.७९ प्रतिशत मात्र घटी रहेकोले उक्त खरिद कार्य खुला, मितव्ययि र वास्तविक रुपमा प्रतिस्पर्धात्मक भएको देखिदैंन । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको विद्युतीय माध्यमको बोलपत्र सम्बन्धी व्यवस्थाको पालना गरी सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी विश्वस्नीय, खुला, प्रतिस्पर्धि बनाई मितव्ययियता कायम हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७३ **शान्तीपुर तथा मजुवा बजार नाली निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । ठेक्का नं. NCB-5/80-81, प्रदेश समपुरक कार्यक्रम तर्फ शान्तीपुर तथा मजुवा बजार नाली निर्माण कार्यका लागि रु.५० लाख बजेट विनियोजन भएकोमा पालिकाले रु.४२४०७२८।४५ को लागत अनुमानमा निर्माण व्यवसायी निर कन्स्ट्रकसनसंग २०८१।१।३१ मा कार्यसम्पन्न गर्ने गरी २०८०।१०।९ मा रु.३०४५७८२।७९ मा सम्झौता गरेकोमा २०८१।३।१० (१४ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.१८५१७ कट्टी समेत गरी) सम्म म्याद थप भएकोमा समेत कार्यसम्पन्न भएको छैन तथा म्याद थप समेत भएको छैन । पालिकाले निर्माण कार्य हाल सम्पन्न भईसकेको र विल उठाउन बाँकी रहेको जनाएको छ । खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य गराउनुपर्दछ ।

७४ **प्रशासकीय भवन**

NCB-01/80-81, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पालिकाको प्रशासकीय भवन निर्माणका लागि स्वच्छन्द सुशन लर्ड बुद्ध जे.भी. संग २०८१।५।११ सम्म कार्यसम्पन्न गर्ने गरी २०७८।९।११ मा रु ६७९२९६७६।३८ मा सम्झौता भएकोमा २०८१ असारसम्म छैठौं रनिंग विलसम्म मूअकर समेत रु. ३३९८७५५३।७२ र मूल्य समायोजन रु.२२३८१५७।०० भुक्तानी भएको छ । ठेक्काको म्याद २०८१।५।११ सम्म मात्र रहेकोमा निर्माण व्यवसायीले २०८१।४।२५ मा म्याद थपका लागि निवेदन दिएकोमा पुन: २०८१।११।१० सम्मका लागि म्याद थप गरेको देखिन्छ । निर्माण कार्यको विमाको म्याद समेत गुज्रिसकेको देखिन्छ । सम्झौता बमोजिम गुणस्तर आश्वस्तता योजना पेश गर्नुपर्नेमा गरेको छैन तर केही टेस्टहरु गरेतापनि सोको फ्रिक्वेन्सी मेन्टेन भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

७४.१ **पेश्की कट्टी -** निर्माण कार्यको सम्झौताको शर्त ५७.३ बमोजिम निर्माण कार्यको पेश्की प्रत्येक रनिंग विलबाट ४० प्रतिशतका दरले निर्माण कार्यको ३० प्रतिशत देखि ८० प्रतिशत मूल्यांकन हुने रनिंग विलसम्म कट्टी गरिसक्नुपर्ने व्यवस्था उल्लेख रहेको छ । निर्माण व्यवसायी स्वच्छन्द सुशन लर्ड बुद्ध जे.भी. सम्झौता बमोजिम ४० प्रतिशतका दरले पाँचौ रनिंङ विल रु. ४४८३४५०।८५ को रु.१७९३३८०।०० कट्टी गर्नुपर्नेमा रु. १४५००००।०० र छैठौ रनिंग विल रु. २६६५५७२।३२ को रु. १०६६२२८।०० कट्टी गर्नुपर्नेमा रु. ३०००००।०० मात्र पेश्की कट्टी गरेकोले प्रावधान अनुसार घटी पेश्की कट्टी गरेको रु. ११०९७०८।०० कट्टी नभएको कट्टी गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०९,७०८ |

७४.२

**पेश्कि जोखिम** – निर्माण स्वच्छन्द सुशन लर्ड बुद्ध जे.भी.लाई दिएको पेश्की मध्ये रु. १६३८५८८।०० को म्याद २०८१।५।१० सम्म म्याद गुज्रेकोले उक्त पेश्कि जोखिममा देखिएकोले पेश्की फर्स्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३८,५८८ |

७४.३ **नन् फाईलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी स्वच्छन्द सुशन लर्ड बुद्ध जे.भी. (मूअकर दर्ता नं ६१८०६८८४३- Non Filer since 2080।T।1) लाई यस वर्ष पाँचौं र छैठौं रनिंग विल वापत मूअकर बाहेक रु.६८९३२३७।०० को मू.अ.कर रु.८९६१२०।०० को मू.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९६,१२० |

७५ **गुणस्तर व्यवस्थापन**

यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ र ११५ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि कार्य गराउँदा अधिकांश निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि अधिकांश योजनामा सामाग्री तथा आईटमको ल्याब टेस्ट गरेको देखिएन । पालिकाले केही योजनाका मात्र क्यूब टेस्ट र कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट गरेको छ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ । यसमा सुधार गर्नु पर्दछ । ल्याब टेस्ट नगरेका केही उदाहरण देहाय अनसार रहेका छन्:

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | कैफियत |
|---|---|---|---|---|
| NCB-४ / ८० - ८१ | चन्द्रकोट - शान्तिपुर - टिमुरे सडक स्तरोन्नति तथा नाली निर्माण योजना | निर कन्स्ट्रकसन | ३१९५६९२ | ल्याब टेस्ट नभएको |
| NCB-५ / ८० - ८१ | शान्तीपुर तथा मजुवा बजार नाली निर्माण | निर कन्स्ट्रकसन | ३०४५७८२ | ल्याब टेस्ट नभएको |

७६ **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | भुक्तानी रु | एजविल्ट नक्सा |
|---|---|---|---|---|---|
| NCB-८ / ७९ - ८० | वडा भवन नर्माण | दिब्रुङ देउराली निर्माण सेवा | ५८२४८९७ | ५८०३९३१ | N/A गरेको |
| NCB-४ / ८० - ८१ | चन्द्रकोट - शान्तिपुर - टिमुरे सडक स्तरोन्नति तथा नाली निर्माण योजना | निर कन्स्ट्रकसन | ३१९५६९२ | २९४१९८५ | N/A गरेको |

७७ **विमा**

सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट भएका ठेक्का व्यवस्थापन कार्य मध्ये अधिकांश विमा घटी अवधिको तथा ठेक्का अवधि पछिको विमा पोलिसी पेश भएको छ । कतिपय ठेक्का तथा उपभोक्ता समितिको कार्यको विमा समेत गरेको छैन । पालिकाबाट ठेक्काका साथै उपभोक्ता समितिबाट समेत रु. ५० लाख सम्मको कार्य हुने गरेकोमा विमा नगरेको पाईएकोले कानुन बमोजिम निर्माण कार्यको विमा गर्नुपर्दछ । साथै सम्झौताको शर्त बमोजिम निर्माण कार्यको विमा अद्यावधिक हुनुपर्दछ ।

७८ **एक्ले पिपल बरबोट रैकर दभुङ सडक योजना**

NCB-2/80-81, एक्ले पिपल बरबोट रैकर दभुङ सडक योजना निर्माणका लागि रु. १ करोड बजेट विनियोजन भइ रु.९६९२३९९।४३ को लागत अनुमानमा ओसिन निर्माण सेवा बुटवलसंग २०८१।१।१० सम्म कार्यसम्पन्न गर्ने गरी २०८०।७।२० मा रु ६४३२०९५।०० मा सम्झौता भएकोमा कार्य प्रगति न्यून रहेको छ । निर्माण कार्यको शुरु सम्झौता २०८१।१।१० रहेकोमा साईटमा चट्टान रहेको र सो चट्टान फोर्न नसकिएको कारण विस्फोटक पदार्थ प्रयोग गर्न स्वीकृति लिन समय लागेको आधारमा २०८१।९।३० सम्म म्याद थप गरेकोमा कार्यमा प्रगति भएको छैन । सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । निर्माण व्यवसायीलाई सम्झौता अनुसार रु. ११३८४२४।०० पेश्की भुक्तानी भएकोमा उक्त पेश्की जमानतको म्याद समेत गुज्रेको देखिएकोले उक्त पेश्की असुल फस्यौंट हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३८,४२४ |

७९ **१५ शैया अस्पताल**

एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत **ठेक्का नं. NCB-8/77-78, १५** शैया अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी तुलसीभक्त।अर्जुन विल्डर्स जे.भी.संग २०८०।३।१० मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।३।१० मा मूअकरसमेत रु.१३६६४४७३४।३५ मा सम्झौता भएकोमा भेरिएसन भई रु.१३३२०७५५४।०० कायम भएकोमा म्याद थप समेत २०८१।३।१० सम्म निर्माण व्यवसायीले चौथो अन्तिम विलसम्म रु.१२७२७२०७७।६१ को कार्य गरेको देखिन्छ । निर्माण व्यवसायीलाई २०७९।८० सम्म दोश्रो रनिंग विल सम्मको रु. ६१८६३५०४।०० र २०८०।८१ मा तेश्रो र चौथो विलको ४६२८२४७३।०० गरी २०८१ असार सम्म रु. १०८१४५९७७।०० भुक्तानी भएको विवरण पेश भएको छ ।अन्तिम विलको आंशिक भुक्तानी मात्रै भएको छ । उक्त निर्माण कार्यको डिजाईन रिभिउका लागि पालिकाले स्वास्थ्य मन्त्रालयमा २०७८।७९ मा पेश गरेको देखिए तापनि नक्सा रिभिउ नेपाल हेल्थ सपोर्ट प्रोग्राम NHSP बाट स्वीकृत भएको देखिएन । यसरी स्वीकृति वेगर फरक डिजाईनमा तथा घटि कबोल गरेका कार्यहरु नगरी अन्तिम विल भुक्तानी गरेको नियम अनुसार देखिएन । पालिकाले सम्झौता अनुसारको डिजाईनमा वा डिजाईन परिमार्जन स्वीकृत गराई तथा वि.ओ.क्यू. बमोजिमका कार्य तथा आईटमहरु एकिन गरेर बाँकी भुक्तानी र कार्य गराउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

७९.१ **नक्सा परिमार्जन तथा भेरिएसन** – पालिकाले नेपाल ट्रेड एण्ड ईन्जिनियरिङ प्रा.लिले तयार गरेको शुरुको डिपीआर बमोजिम रु.१८३५५७५७५।०० को रहेकोमा बजेट अभाव भएको कारण सोमध्ये अक्सिजन प्लान्टको कार्य हटाई रु.१७१४४१५७६।०० कन्टिन्जेन्सी बाहेकको लागत अनुमान बनाई ठेक्का आवहान गरेकोमा रु.१३६६४४७३४।३५ मा सम्झौता भएकोमा उक्त लागत अनुमान बमोजिम पालिकाले नक्सा परिमार्जनको स्वीकृति वेगर लागत अनुमानको तुलनामा ३.५४ प्रतिशत घटी भेरिएसन गरी नयाँ लागत अनुमान रु. १६५३९५३९७।५२ र सम्झौता रु.१३३२०७५५४।८० (२.५८ प्रतिशत घटी) कायम गरेको छ । यसरी नक्सा परिमार्जन स्वीकृति वेगर भेरिएसन गरी कार्य गराउँदा विभिन्न आईटमहरुको कार्य नगरी निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको छ । भेरिएसन गर्दा सिभिल कार्यमा मात्र २.९४ प्रतिशत घटी भेरिएसन भएकोमा निर्माण व्यवसायीले फलसिलिंगको कार्य हटाएको, जेनेरेटर हाउस, मोर्चरी, ब्रिक मेशोनरी कम्पाउन्ड वालको सट्टा स्टोन मेशोनरी वालको अतिरिक्त अन्य विभिन्न एयर कन्डिस्निंग, सेनिटरी र इलेक्ट्रिकल कार्यहरु नगरी अन्तिम विल भुक्तानी गरी कार्यसम्पन्न गरेको सम्झौता अनुसार नभएको देखिन्छ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

७९.२ **साईट अवस्था** – लेखापरीक्षणको क्रममा साईट अवलोकण गर्दा साईट एरियमाको विभिन्न ठाउँमा जमिन भासिएको तथा चिरा परेको र भित्ताहरुमा समेत केही ठाउँमा दरार रहेको देखिन्छ। निर्माण कार्य अन्तर्गत विभिन्न कार्यहरु मध्ये धेरै जसो घटी कबोल गरेका सेनिटरी र इलेक्ट्रिकल कार्यहरु सम्पन्न नगरेको देखिन्छ । कोठाहरुमा बेसिन, सिंक तथा विद्युतीय सामाग्री जडान नगरेको देखिन्छ । सिलिङ र जोइन्ट एक्सपान्सनबाट पानी लिक भई केही कोठा तथा अन्य एरियाहरुमा पानी रहेको पाईयो । सम्झौता अनुसार विग्रेका तथा त्रुटी भएका कार्य र बाँकी रहेका कार्यहरु एकिन गरेर लिस्ट बनाई उक्त कार्यहरु सच्चाई निर्माण कार्य सम्झौता अनुसार सम्झौता गर्नुपर्दछ ।



७९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्दा भेरिएसन आईटम तथा परिमाण सम्बन्धमा प्राविधिक पुष्ट्याई र कारण सहित भेरिएसन गर्नुपर्ने उल्लेख रहेकोमा देहाय अनुसारका घटी कबोल गरेका देहाय अनुसारका केही आईटमहरुको प्राविधिक पुष्ट्याई र कारण उल्लेख भएको छैन । यसरी डिजाइन परिमार्जन समेत परिमार्जन नभएको अवस्थामा अन्य आईटम र कार्यमा समेत प्रभाव पार्ने गरी भेरिएसन गरेको छ । यस तर्फ सम्बन्धित पक्षहरुको ध्यान जानुपर्दछ ।

| आईटम नं | कार्य | लागत अनुमान | | | सम्झौता परिमाण रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम |
| २५ | सिमेन्ट बोर्डको कार्य | २५०. ५९ व मी | ४५१६.५१ | ११३१७९२ | २५०. ५९ व मी | ५०० | १२५२९५ |
| ४५ | Supply and installation of grating bar of drain | १ | ४००००० | ४००००० | १ | १५००० | १५००० |
| | जम्मा | | | | | | १४०२९५ |

७९.४ **ईलेक्ट्रिकल कार्य नगरेको** – निर्माण कार्यको शुरु सम्झौता अनुसार भेरिएसन भएकोमा भेरिएसन नभएका ईलेक्ट्रिकल आईटमहरु मध्ये धेरै जसो इलेक्ट्रीकल कार्य भएको छैन । मूअकर बाहेक रु. ८२२७६५०।०० को विभिन्न ईलेक्ट्रीकल आईटमका कार्यहरु रहेकोमा सो मध्ये अधिकांश घटी दर कबोल गरेका आईटमहरु नगरि कार्य सम्पन्न गरेको देखिन्छ । यसरी आवश्यक ईलेक्ट्रीकल आईटमहरु जडान नगरेको र अधुरोमा कार्य सम्पन्न गर्ने सम्बद्ध पक्षहरुलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाले सम्झौता अनुसार बाँकी रहेका ईलेक्ट्रीकल आईटम अन्तर्गतका कार्यहरुको एकिन गरी निर्माण व्यवसायीबाट उक्त कार्यहरु सम्पन्न गराउनुपर्दछ ।

सम्झौता अनुसार ईलेक्ट्रिकल कार्य तर्फ नगरेका मध्ये लागत अनुमानको आधारमा घटी दर कबोल गरेका मध्ये केही प्रमुख कार्यहरु देहाय अनुसार रहेका छन् :

| आईटम नं | कार्य | लागत अनुमान | | | सम्झौता परिमाण रकम | | | कार्य परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| इलेक्ट्रीक | Supply Installation of Lighting Protection | ६ | ६०९३८.५ | ३६५६३१ | ६ | १५२५० | ९१५०० | ० |
| इलेक्ट्रीक | Supply Installation of Lighting Arrestor | ४०० | १५८७.५ | ६३५००० | ४०० | ११४० | ४५६००० | ० |
| इलेक्ट्रीक | Supply Installation of Hot Deep Galvanized<br>Perforated enclosed cable tray | १८० | ४४८३.८५ | ८०७०९३ | १८० | ९५० | १७१००० | ० |
| इलेक्ट्रीक | Supply Installation testing commissioning of<br>3 phase 400 volts 231 volt water cooled Generator | १ सेट | ३३६०३४६.०७ | ३३६०३४६.०७ | १ | ९१५००० | ९१५००० | ० |
| इलेक्ट्रीक | Supply Installation testing commissioning<br>of DSP based Double Conversion 15kva online UPS | १ | ८८६६५० | ८८६६५० | १ | १५५००० | १५५००० | ० |
| इलेक्ट्रीक | Supply Installation of Hot Deep Galvanized Pole | १० सेट | ४७९०३ | ४७९०३० | १० | ५०० | ५००० | ० |
| इलेक्ट्रीक | Supply Installation of Hot Deep Galvanized Pole | २ सेट | ५३८३३ | १०७६६६ | २ | ५०० | १००० | ० |
| इलेक्ट्रीक | Supply Installation Testing commissioning of 40 watt LED | १४ सेट | ९४८८.६५ | १३२८४१.१ | १४ | ५०० | ७००० | ० |
| | | | | | | | १८०१५०० | |

उल्लेखित इलेक्ट्रिकल कार्यहरु बाहेक देहाय अनुसारका डिस्ट्रिव्युसन वोर्ड र अन्य सम्बन्धित कार्यहरु भए नभएको सम्बन्धमा पालिकाले आवश्यक्ता अनुसार एकिन गरी निर्माण व्यवसायीबाट उक्त कार्यहरु गराउनुपर्दछ ।

| आईटम नं | कार्य | लागत अनुमान | | | सम्झौता परिमाण रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य SPD Type 1+2 समेत अन्य | १ | ७८१७८ | १८१७८ | १ | २५० | २५० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य 40A TP MCCB 1 set समेत | २ | ५५०४४.७५ | ११००८९ | १ | ५००० | ५००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य 40A | २ | २९३९४ | ५८७८८ | २ | ५००० | १०००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य 60/75/100A | १ | २४३३४ | २४३३४ | १ | ५००० | ५००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य | ३ | ३४०३५ | १०२१०६.२ | ३ | ५००० | १५००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य | १ | २७८१८ | २७८१८ | १ | ५००० | ५००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य | १ | २४३३४ | २४३३४ | १ | ५००० | ५००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य | २ | ५३६९२. ५३६९२ .५ | १०७३८४ | २ | ५००० | १०००० |
| इलेक्ट्रीक | डिस्ट्रब्युसन बोर्डको कार्य | १ | ५३४२५.५५ | ५३४२५.५५ | १ | ५००० | ५००० |
| इलेक्ट्रीक | Supply commissioning of 2 core 1.5 sqm in PVC FRLS | १ | २४५६.४ | ३३४०७० | १३६ | ५५० | ७४८०० |
| इलेक्ट्रीक | Connecting of loop powered wall mount sounder strobe | १९ | १९०२५ | ३६१४८६ | १९ | ९२५० | १७५७५० |
| इलेक्ट्रीक | Supply commissioning of 2 core 1.5 sqm in PVC FRLS | १ | २६१६०४.३ | २६१६०४.३ | १ | ५५००० | ५५००० |

७९.५ **सेनिटरी कार्य नगरेको** – सम्झौता अनुसार सेनिटरी आईटम अन्तर्गत मूअकर बाहेक रु. ४०५४१००।०० को विभिन्न सेनिटरी आईटमका कार्यहरु रहेकोमा सो मध्ये अधिकांश घटी दर कबोल गरेका आईटमहरु नगरि कार्यसम्पन्न गरेको देखिन्छ । यसरी आवश्यक सेनिटरी आईटमहरु जडान नगरेकोमा सम्बद्ध पक्षहरुलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाले सम्झौता अनुसार बाँकी रहेका सेनिटरी आईटम अन्तर्गतका कार्यहरुको एकिन गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । सम्झौता अनुसार सेनिटरी कार्य तर्फ नगरेका मध्ये लागत अनुमानको आधारमा घटी दर कबोल गरेका केही प्रमुख कार्यहरु देहाय अनुसार रहेका छन् :

| आईटम नं | कार्य | लागत अनुमान | | | सम्झौता परिमाण रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम रु. |
| सेनिटरी | Foot Operated double bowl stainless steel scrub sink | ४ सेट | ७२००० | २८८००० | ४ | २५०० | १०००० |
| सेनिटरी | Multi Station Medical hand Wash Sink Foot Pedal | १ सेट | ८३२०० | ८३२०० | १ | १५००० | १५००० |
| सेनिटरी | Kitchen Sink Stainless Stell | १ | १३४१२ | १३४१२ | १ | ५००० | ५००० |
| | जम्मा | | | | | | ३०००० |

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

## ८० उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जान जरुरी देखिएको छ ।

पालिकाबाट उपभोक्ता समिति सम्बन्धि विवरण माग गरेकोमा प्राप्त नभएकोले उपभोक्ता समिति मार्फत भएको खर्च रकम उल्लेख गर्न सकिएन।

- पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।
- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर तथा मिति देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापी किताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## ८१ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको

मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८२ **उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। नमुना छनौटका आधारमा हेर्दा पालिकाले यस वर्ष देहाय अनुसारका कार्य उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति समेत नलिई कार्य गरेकोले नियम सम्मत देखिएन । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा केही अंश वा कार्यको लागि मात्र हेभी इक्विप्मेन्ट प्रयोग गर्न नियमानुसार प्राविधिकको सिफारिस हुनुपर्दछ । यसतर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

| भौ. | योजना | हेभी इक्विप्मेन्ट | नि व्य विल | खर्च भुक्तानी | नि व्य विल | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|---|
| ४४।०८०।९।११ | बिशुखर्क वडास्तरीय मोटरबाटो सरसफाइ योजना | एक्साभेटर | ८६३५३६ | ७७६००० | ७७६००० | टिमुरे कन्स्ट्रकसन प्रा लि |
| १०८।०८०।१०।२९ | वडा नं. ४ सडक सरसफाई योजना | एक्साभेटर | ५४२६३४ | ४८५००० | ५०५३३६ | टिमुरे कन्स्ट्रकसन प्रा लि |
| ३८।०८०।८।१९ | वडास्तरीय शाखाबाटो सरसफाइ उ.स.वडा नं ५ को रकम भुक्तानी गरिएको। | एक्साभेटर | ५३६१११ | ४८१८५७ | ४८१८३२ | टिमुरे कन्स्ट्रकसन प्रा लि |
| ४०।०८०।९।२ | वडास्तरीय मोटरबाटो सरसफाइ योजना उ.स. वडा नं ८ को रकम भुक्तानी गरिएको। | एक्साभेटर | ५३९९८० | ४८५००० | ५३९७५६ | नाइजल निर्माण सेवा प्रा लि |
| | | जम्मा | | २२२७८५७ | | |

८३ **नक्सा पास नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । पालिकाबाट नक्सा पारित

नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।

८४ **मजुवा पिपलपाटा किसिकोट भन्ज्याङ सडक स्तरोन्नती**

प्रदेश समपुरक योजना अन्तर्गत मजुवा पिपलपाटा किसिकोट भन्ज्याङ सडक स्तरोन्नती कार्यका लागि उपभोक्ता समितिसंग रु.५४२०९१०।०३ मा सम्झौता भई रु.४७९४६२०।०० को कार्यसम्पन्न गरी रु.४२८९७४६।०० भुक्तानी भएको छ । निर्माण कार्यमा रु. ३३ लाख बराबरको डोरहाजिरी र भरपाई संलग्न गरेको छ । निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८४.१ लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम पहाडी जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु. ६। का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ।पालिका भित्रका निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुंगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुंदा स्थानिय सरकारको राजश्व घटी असुल हुन गएको देखिन्छ । उक्त निर्माण कार्य वापत ढुंगाको सोलिङ र स्टोन मेशोनरी वापत १९३.४६ घन मीटरको उपभोक्ताले खरिद गरेको रोयल्टी।रसिद पेश नगरेको र सो वापत पालिकाले रु. २३९.१९ का दरले रु.४६२०३।०० रोयल्टी कट्टी गरेको देखिएन । साथै सडक निर्माण कार्यमा ग्राभेल विच्छयाउने कार्यका लागि २६२.५० घन मीटर खोलाको ग्राभेल ल्याई प्रयोग गरेकोमा खरिद गरेको रोयल्टी।रसिद पेश नगरेको र सो वापत पालिकाले रु. २३९.१९ का दरले रु.६२७८७।०० रोयल्टी कट्टी गरेको देखिएन । पालिका ढुंगा र ग्राभेल खरिद गरेको रोयल्टी वा विल लिई सोही अनुसार भुक्तानी दिनुपर्दछ ।

८४.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५ **बस्ती विकासका लागि सडक स्तरोन्नती योजना**

संघ सशर्त योजना अन्तर्गत बस्ती विकासका लाग सडक स्तरोन्नती अन्तर्गत क्यानल र कल्भर्ट निर्माण कार्यका लागि उपभोक्ता समितिसंग रु.२१६१२७२।०० मा सम्झौता भई रु.२१४५०९०।४२ को कार्यसम्पन्न गरी रु.१९४५६४८।०० भुक्तानी भएको छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८५.१ **ढुंगा -** लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम पहाडी जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु. ६ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ।पालिका भित्रका निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुंगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुंदा स्थानिय सरकारको राजश्व घटी असुल हुन गएको देखिन्छ । उक्त निर्माण कार्य वापत

ढुंगाको सोलिङ र स्टोन मेशोनरी वापत ६२.७९ घन मीटरको उपभोक्ताले खरिद गरेको रोयल्टी।रसिद पेश नगरेको र सो वापत पालिकाले रोयल्टी कट्टी रु. २३९.१९ का दरले रु.१५०३२।०० रोयल्टी कट्टी गरेको देखिएन । पालिकाले ढुंगा खरिद गरेको रोयल्टी वा विल लिई सोही अनुसार भुक्तानी दिनुपर्दछ ।

८५.२ **सिमेन्ट** - उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा पालिकाले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ तर पालिकाले निर्माणमा उपभोक्ताले ४८० बोरा सिमेन्ट बिल मात्र सिमेन्ट खरिद गरेको तथा खर्च सार्वजनिक समेत गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी २०० बोराको भुक्तानी दिएकोले २० बोरा बढी भुक्तानी भएको मूअकरसमेत रु. १५८२०।०० को मू.अ.कर रु. १८२०।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२० |

## ८६ जम्के तुसारे बाँसपाटा भुँदीफाँट सिँचाई योजना

प्रदेश समपुरक योजना अन्तर्गत जम्के तुसारे बाँसपाटा भुँदीफाँट सिँचाई योजना कार्यका लागि उपभोक्ता समितिसंग रु.५३९१९६४।४८ मा सम्झौता भई रु.५३८८२५०।५५ को कार्यसम्पन्न गरी रु.४७७३४२८।०० भुक्तानी भएको छ । निर्माण कार्यमा अधिकांश डोरहाजिरी र भरपाई संलग्न गरेको छ । निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८६.१ **ढुंगा** - पालिका भित्रका निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुंगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुंदा स्थानिय सरकारको राजश्व घटी असुल हुन गएको देखिन्छ । उक्त निर्माण कार्य वापत ढुंगाको सोलिङ र स्टोन मेशोनरी वापत १०५.८१ घन मीटरको उपभोक्ताले खरिद गरेको रोयल्टी।रसिद पेश नगरेको र सो वापत पालिकाले रोयल्टी रु. २३९.१९ का दरले रु.२५३०८।०० रोयल्टी कट्टी गरेको देखिएन । पालिकाले ढुंगा खरिद गरेको रोयल्टी वा विल लिई सोही अनुसार भुक्तानी दिनुपर्दछ ।

८६.२ **सिमेन्ट** - उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा पालिकाले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ तर पालिकाले निर्माणमा उपभोक्ताले ११३३ बोरा सिमेन्ट बिल मात्र सिमेन्ट खरिद गरेको तथा खर्च सार्वजनिक समेत गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी १२४० बोराको भुक्तानी दिएकोले १०७ बोरा बढी भुक्तानी भएको मूअकरसमेत रु. ८४६३७।०० को हुने मू.अ.कर रु. ९७३७।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७३७ |

## ८७ मूल्य अभिवृद्धि कर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भरपाई भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिँदा बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| भौ नं मिति | उपभोक्ता समिति | सामाग्री विवरण | मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर | पेश भएको मूअकर विल अनुसार | मूअकर बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३।०८०।१२।२६ | ढाव शंकरपथ नाली व्यवस्थापन तथा सडक सुधार योजना उ.स. वडा नं.३ | १९८ बोरा सिमेन्ट र २८९ केजी डण्डी र पाईप समेत | २९७१८ | २३८८७ | ५८३१ |
| ४।०८१।१।९ | तल्लो सोता भल व्यवस्थापन तथा मोटरबाटो योजना उ.स. वडा नं. ०७ | १५० बोरा सिमेन्ट र १८० केजी डण्डी समेत | १५३१० | १०५५८ | ४७५२ |
| ४१४।०८१।३।२३ | जम्के तुसारे बाँसपाटा भुँदीफाँट सिँचाई योजना उस | १२४० बोरा सिमेन्ट<br>डण्डी ३९२८ केजी<br>ग्याबियन ।फर्मवर्क समेत | १६९१९८ | १५६९०६ | १२२९२ |
| ४३२।०८१।३।२४ | किसिकोट बसाढ खानेपानी योजना | धारा खरिद प्यान विल ३३८६६<br>प्यानल बोर्ड प्यान विल | ५९४१ | ० | ५९४१ |
| | | | | | २८८१६ |

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८१६ |

८८ **फरक सिमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका भवन निर्माण उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा रु १००।०० का दर फरक रहेकोले मूअकरसमेत देहाय अनुसारका बाट असुल हुनु पर्ने रु

| भौ नं | उपभोक्ता समितिको नाम | पिपिसि सिमेन्ट बोरा प्रयोग परिमाण | फरक दर | मूअकर समेत रु |
|---|---|---|---|---|
| ३।०८०।१२।१६ | ढाव शंकरपथ नाली व्यवस्थापन तथा सडक सुधार योजना उ.स. वडा नं.३ | १५५ | १०० | १५५०० |
| १५।०८१।३।१९ | बिशुखर्क वडास्तरीय मोटरबाटो सरसफाइ योजना | ४० | १०० | ४००० |
| ३३।०८१।३।१९ | वस्ती विकासका लागि सडक स्तरोन्नती उस | २३० | १०० | २३००० |
| ४३२।०८१।३।२४ | किसिकोट बसाढ खानेपानी योजना | २५ | १०० | २५०० |
| | जम्मा | | | ४५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,००० |

## ८९ सिमेन्ट घटी परिमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा पालिकाले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश गरेको तथा खर्च सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी पुष्ट्याई वेगर भुक्तानी दिएकोले देहायको रकमको रकमको मू.अ.कर असुल गर्नुपर्ने रु.

| भौ. मिति | योजना | नापी अनुसार हुनुपर्ने सिमेन्ट परिमाण | विल पेश | घटी वोरा रु ७०० प्रति बोरा | रकम | मूअकर रु. |
|---|---|---|---|---|---|---|
| ३।०८०।१२।२६ | ढाव शंकरपथ नाली व्यवस्थापन तथा सडक सुधार योजना उ.स. वडा नं.३ | १९८ | १८० | १८ | १२६०० | १६३८ |
| ४०५।८१।३।२० | मझुवा गेरवुङ्ग शान्तिपुर सडक योजना उस | ११६ | १०० | १६ | ११२०० | १४५६ |
| ४३२।०८१।३।२४ | किसिकोट बसाढ खानेपानी योजना | ६३ | ३५ | २८ | १९६०० | २५४८ |
| | जम्मा | | | | ५११६०४ | ५६४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६४२ |

## ९० ढुंगा

लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम पहाडी जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु. ६। का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ।पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा

उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो।नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसारका उपभोक्ता समितिले ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुंदा स्थानिय सरकारको राजश्व घटी असुल हुन गएकोले पालिकाले रोयल्टी असुल गर्ने तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणहरु देहाय अनुसार रहेका छन् :

| भौ नं मिति | उपभोक्ता समिति | परिमाण घ मी | रोयल्टी दर रु. | रोयल्टी मूअकरसमेत |
|---|---|---|---|---|
| २।०८०।११।१० | सोता सिंचाई कुलो निर्माण वडा नं.८ | ६०.१७ | २३९.४ | १४४०४ |
| ३।०८०।१२।२६ | ढाव शंकरपथ नाली व्यवस्थापन तथा सडक सुधार योजना उ.स. वडा नं.३ | ३०.०१ | २३९.४ | ७१८४ |
| ४।०८१।१।९ | तल्लो सोता भल व्यवस्थापन तथा मोटरबाटो योजना उ.स. वडा नं. ०७ | ५०.४१ | २३९.४ | १२०६८ |
| | | | | ३३६५६ |

## ९१ किसिकोट बसाढ खानेपानी योजना

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५७९,७७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ९२ समपुरक योजना

प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा १२ को उपदफा २ मा आयोजना तथा कार्यक्रमको ठेक्का प्रक्रिया मार्फत सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले प्रदेश समपुरक अनुदान अन्तर्गतका २ योजनाहरुा जम्के तुषारे बाँसपाटा भुँदीफाट सिँचाई योजना तथा मजुवा पिपलपाटा किसिकोट भञ्याङ्ग सडक स्तोरोन्ती योजना उपभोक्ता समिति मार्फत निर्माण कार्य गरेको देखियो। पालिकाले कार्यविधि अनुसार प्रतिस्पर्धात्मक रुपमा ठेक्का मार्फत कार्य गराउनुपर्दछ ।

## ९३ परामर्श खर्च

९३.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ ।नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श तथा डिपीआरसंग सम्बन्धित खर्च तथा प्रतिवेदन दाखिला गरी व्यवस्थित रुपले सोसंग सम्बन्धित अभिलेख राख्नुपर्दछ । पालिकाबाट विगत ३ वर्षमा परामर्शदाता मार्फत भएको डिपिआर तथा अन्य परामर्श अध्ययन प्रतिवेदनको विवरण माग भएकोमा सोको विवरण प्राप्त नभएकोले विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका समेत यस वर्षको परामर्श अध्ययन प्रतिवेदन तथा सोको कार्यान्वयन अवस्था निम्न बमोजिम रहेको छ । गत विगतमा भएका अध्ययन प्रतिवेदनहरु कार्यान्वियन गर्नुपर्दछ ।

| क्र.सं | दाखिला मिति | कार्यकको नाम | परामर्शदाता | खर्च रकम | निर्धारण भएको लागत | कार्यान्वियन अवस्था |
|---|---|---|---|---|---|---|
| १ | ०७८। १२। २३ | गाउँपालिकाको आवधिक योजना तयार प्रस्तुतिककरण तथा प्रतिवेदन | अलाना इन्टरनेशनल | १७४०००० | | कार्यान्वयनमा रहेको |
| २ | ०८०। ३।२३ | Preparation of Rural Municipality Transport Master Plan of Municipality | हेबाइल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि, ललितपुर | १३२२०४० | | बजेट विनियोजन नभएको |
| ३ | ०८०। ३।२३ | Preparation of Land Use Classification of Chandrakot Rural Municipality | Consulting Engineers Associates Pvt. Ltd | ८७६१०० | | बजेट विनियोजन नभएको |
| ४ | ०७९। ३।२२ | Preparation of DPR for Construction of Chandrakot Stadium and Park | ईगल्स सोलुसन प्रा.लि, काठमाडौँ | ६९९००० | ९८१७४१५८ | बजेट विनियोजन भएको |
| ५ | ०८०। २।८ | Detail engineering survey,design and cost estimate of Shantipur Harrachaur Oliband Sindurghase Road | सेभेन कलर्स मल्टिप्रपोज कन्सल्टेन्सी प्रा.लि | ८८३५७० | ३८४०३४०८६ | बजेट विनियोजन भएको |
| ६ | ०८०। २।११ | Detail engineering survey,design and cost estimate report of Majuwa-Damuka-Deurali-Myalpokhara Road | Experts Points and Research Center Pvt.ltd, Kathmandu | ३८७८५५ | ५५३८३५५७ | बजेट विनयोजन भएको |
| ७ | ०८१। ३।२० | Detail engineering survey,design and cost estimate DPR of Majuwa-Pipalkata-kisikot-Bhanjyang Road | हेबाइल इन्जिनियरिङ्ग प्रा.लि. | १०६२५०० | ५१९९९५८९७ | कार्यान्वयनमा रहेको |
| ८ | ०८१। ३।११ | Detail engineering survey,design and cost estimate DPR of Arjewa-Dibhrung-Daha-Sarang Road | इगल्श सोलुसन प्रा.लि | ९९३७५० | ४४७२७६२९ | बजेट विनयोजन भएको |
| ९ | ०८१। ३।२१ | Preparation of DPR for Construction of Ward No.5 Office Building at Chandrakot Rural Municipality | अष्ट्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ३०४००० | २१११८८७० | कार्यान्वयनमा रहेको |

९३.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खाम्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।

- पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

९४ **मू.अ.कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं | कार्य | व्यवसायी | कर दर्ता नं | विल नं | मिति | कुल विल रकम | मूअकर | |
|---|---|---|---|---|---|---|---|---|
| ७।०८०।५।१८ | सरस्वती मा.वि खेल मैदान निर्माण उ.स. | चन्द्रकोट कन्स्ट्रकसन | | २७ | ०८०।२।२४ | १९२७७८ | २२१७८ | विल नं दोहोरो २७ बनाएको |

| प्रमाण पेश नगरेको | २२,१७८ |
|---|---|

९५ **कन्टिन्जेन्सी खर्च अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन।पालिकाबाट कन्टिन्जेन्सी कट्टी तथा खर्च सम्बन्धि विवरण माग गरेकोमा प्राप्त भएन । उक्त विवरण प्राप्त नभएकोले लेखापरीक्षणको क्रममा सुत्र प्रणाली तथा बैंक नगदी किताबमार्फत कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन ।कन्टिन्जेन्सी खर्चका केही उदाहरण सूचना, भ्रमण तथा अनुगमन र खरिद कार्यमा कन्टिजेन्सी खर्च लेखेको देखिन्छ तर सोको अभिलेख, विस्तृत विवरण र मलेप फारम अनुसार तोकेको ढाँचामा नराखेकोले तथा प्रत्येक योजनाबाट ३ देखि ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण भएको भन्न नसकिने भएकोले यकिन हुन सकिएन ।

९६ **मोविलाईजेशन पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले २०८०।८१ सम्म देहाय अनुसारको पेश्की बाँकी रहेको विवरण पेश गरेको छ । उक्त पेश्की नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

| क्र स | पेश्की लिनेको नाम | गत वर्षको | यो वर्ष पेश्की दिएको रु | जम्मा पेश्की |
|---|---|---|---|---|
| १ | स्वच्छन्द सुशन लर्ड बुद्ध जे.भी | ८९२९२९४ | 0 | ८९२९२९४ |
| २ | ओसिन निर्माण सेवा | 0 | ११३८४२४ | ११३८४२४ |
| 3 | डि.एस.जे.बि. जे.भि. | 0 | २८८४०७४ | २८८४०७४ |

## ९७ आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयहरु

९७.१ **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम ४ अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनवटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्नानुसारको सामाग्री कुनै फर्मसंग प्रतिस्पर्धा नगराई सिधै खरिद गरेको पाईयो ।

| क्र. सं | मिति | फर्म | सामाग्री | भुक्तानी |
|---|---|---|---|---|
| १ | ५।०८०।६।९<br>गा. पा चालु | अल्फा सर्जिकल एण्ड साईटिफिक हाउस प्रा. लि | सर्जिकल सामाग्री खरिद | १५९२२० |
| | ०६।०८०।४।३०<br>गा. पा चालु | अष्टदिप एग्रो ईन्जिनियरिंग सेल्स | कृषि उपकरण औजार खरिद | ९९९२५० |
| २ | १५८।०८१।३।२३<br>स्वास्थ्य चालु | सत्यवती मेडिको कर्नर | स्वास्थ्य शिविरमा औषधि खरिद | ३९६६९६ |
| | १४७।०८१।३।२१<br>स्वास्थ्य चालु | सिद्ध बाबा सप्लायर्स | औषधि खोप भ्याक्सिन खरिद | २६४६३२ |
| | ४७१।०८१।३।१<br>गा. पा . चालु | अष्टदिप एग्रो इन्जिनियरिङ सेल्स | पाईप खरिद | ६७४४२८ |

९७.२ **साना सिँचाई कार्यक्रम** – गा.पा.चालु भौ.नं. ४७१।०८१।३।१ साना सिँचाई कार्यक्रम अन्तर्गत पाइप खरिद शिर्षक अन्तर्गत रु.६७४४२८।०० को अष्टदीप एग्रो इन्जिनियरिङ सेल्सबाट खरिद गरिएको एच डि पि इ पाईप प्राविधिकबाट खरिद कार्यको नाँप जाँच गरि खरिद कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा नगरि पालिकाको जिन्सी आम्दानी बाँधेकोले उक्त एच डि पि ई पाईपहरुको वितरण तथा प्राविधिक प्रतिवेदन र फोटो सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र. सं | पाईप विवरण | परिमाण मीटर |
|---|---|---|
| १ | DN63 PN16 | ९० |
| २ | DN32 PN16 | ६०० |
| ३ | DN40 PN12.5 | २०० |
| ४ | DN40 PN16 | ३०० |
| ५ | DN75 PN10 | ९० |
| ६ | DN75 PN12.5 | ९० |
| ७ | DN90 PN16 | ९० |
| ८ | DN20 PN16 | २१०० |
| ९ | DN25 PN16 | १४०० |
| १० | DN62 PN12.5 | ४०० |
| ११ | DN63 PN16 | ९० |
| १२ | DN50 PN12.5 | १५० |
| १३ | DN75 PN16 | २०० |
| १४ | DN63 PN10 | ९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७४,४२८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चन्द्रकोट गाउँपालिका, गुल्मी , चन्द्रकोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | bishnu prasad bhusal | २०७९-५-१५ | २०८०-५-१६ |
| कार्यालय प्रमुख | buddha prakash poudel | २०८१-१-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बशन्त रिजाल | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,१८२,४०४ | १५,५२२,५६२ | ५,७६२,९३८ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,४६७,९०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,६९०,४६९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २२,७७७,४३५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २०१४१९७४.२६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६७३७०००९.६४ | **चालु खर्च** | ४५०६७०३१५ |
| **प्रदेश सरकारबाट अनुदान** | २११४१२३७ | **पूँजीगत खर्च** | १३०७९३९६१ |
| **राजश्व बाँडफाँट** | ७९७२२७९६.९३ | **वित्तीय/अन्य व्यवस्था** | २६०२२५५.५४ |
| **आन्तरिक आय** | ११०९०६४९.३४ | | |
| **अन्य आय** | ६४५३७७७.५५ | | |
| **कुल आय** | ५८५७७८४७०.४६ | **कुल खर्च** | ५८४०६६५३१.५४ |
| **बाँकी मौज्दात** | | २१८५३९१३.१८ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।